**एमपक्स सङ्क्रमणबाट बचौं र बचाऔं**

- विदेशबाट आउने जोकोहीमा एमपक्सको सम्भावित जोखिम हुने हुनाले अनिवार्यरूपमा स्वास्थ्य परीक्षण गराऔं,
- ज्वरो आउने, टाउको दुख्ने, शरीर सुन्निने, ढाड दुख्ने, मांसपेशी दुख्ने एमपक्स रोगका प्रमुख लक्षणहरू हुन्,
- त्यस्ता लक्षणहरू देखा परे स्वास्थ्य परीक्षण गराऔं,
- एमपक्स अत्यन्तै सङ्क्रामक रोग भएकोले सङ्क्रमण हुनासाथ आइसोलेशनमा बसौं,
- घना बस्ती र शहरी क्षेत्रमा यसको सङ्क्रमण छिटो बढ्ने भएकोले सचेतना बढाऔँ ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ माघ १७ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2025 January 30 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १५३

## वीरगंजमा शहीद दिवस विभिन्न कार्यक्रम गरी मनाइयो

प्रस, वीरगंज, १६ माघ/

नेपाली काङ्ग्रेस पर्सा क्षेत्र नं २ ले बुधवार शहीद दिवसको अवसरमा १० जनालाई सम्मान गरेको छ ।

लोकतन्त्र, मानव अधिकार र समाजसेवामा महत्त्वपूर्ण योगदान पुर्‍याएका नगेन्द्र पौडेल, याकुब अन्सारी, लालबहादुर राउत कुर्मी, शान्ति कार्की, लक्ष्मणप्रसाद कुर्मी, लालन महमद मियाँ, जमिला खातुन, पार्वती देवी, नेत्रबहादुर केसी र हीराकान्त चौधरीलाई आज सम्मान गरेको हो ।

नेका क्षेत्रीय सभापति महमद सहाबुद्दीनको अध्यक्षतामा भएको कार्यक्रममा मधेस प्रदेशका कृषिमन्त्री जनार्दन सिंह क्षत्री, प्रदेशसभा सदस्य श्याम पटेल, वीरगंज उपमहानगरका उपप्रमुख इम्तियाज आलम, नेका पर्साका उपसभापति रामनारायण कुर्मीलगायतको सहभागिता थियो । शहीद दिवसको अवसरमा नारायणी अस्पतालमा रहेको





शहीद थीरबम मल्ल र वीरगंज–१४ बहुअरीस्थित शहीद तेजबहादुर अमात्य तथा बिपी उद्यानस्थित मधेसी शहीदहरूका सालिकमा माल्यार्पण गरिएको थियो ।

यसैगरी, जिल्ला प्रशासन कार्यालय, पर्साले वीरगंजको घण्टाघरस्थित मधेसी शहीद स्मारकमा श्रद्धाञ्जलिसभा सम्पन्न गरेको छ ।

कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले शहीदको ऋण तिर्न इमानदारीपूर्वक काम गर्नुपर्ने बताए । उनले शहीदहरूको सपना पूरा नहुनुमा सबैभन्दा बढी जिम्मेवार राजनेता र कर्मचारी रहेको आरोप लगाए ।

प्रजिअ अर्यालले शहीद स्मारकमा शहीदहरूका अगाडि शपथ लिएर इमानदारीपूर्वक काम गरेमा शहीदको सपना पूरा हुने बताए । उनले राजनीतिक दलहरूले मतदाता, कार्यकर्ता भनेर विभेद गर्न नहुने र कर्मचारीहरूले पनि सबै सेवाग्राहीप्रति समान व्यवहार गर्नुपर्ने बताए । उनले व्यापारीहरूले पनि सरकारलाई तिर्ने राजस्वमा हेराफेरी नगर्न सुझाए । समाजका सबै तह र तप्काका व्यक्तिहरूले इमानदारीपूर्वक काम गरेको खण्डमा शहीदहरूले दिएको बलिदानीको सम्मान हुने बताए ।

नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष ओमप्रकाश खनालले शहीदहरूले देश समृद्ध बनाउन, सबैखाले विभेद हटाउन र समुन्नत समाज निर्माणका लागि आफ्नो प्राणको आहुति दिएको बताए । उनले हालको अवस्थाले शहीदहरूको सपना साकार हुनेमा आशङ्का देखिएको र यसमा सुधार आवश्यक रहेको बताए ।

कार्यक्रममा नेपाली काङ्ग्रेसका उपसभापति रामनारायण कुर्मी, नेकपा एमाले पर्साका अध्यक्ष विश्वम्भर शर्मा, वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, प्रहरी उपरीक्षक गौतम मिश्रलगायतको सहभागिता थियो ।

## नदीजन्य पदार्थ उत्खनन नगर्न, नगराउन अदालतद्वारा अन्तरिम आदेश

प्रस, निजगढ, १६ माघ/

निजगढ नगरपालिका र कोल्हवी नगरपालिकालाई नदीजन्य पदार्थ उत्खनन नगर्न, नगराउन उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजले सोमवार अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ ।

अदालतका न्यायाधीश ऋषिराम निरौलाको इजलासले निजगढ नगरपालिका र कोल्हवी नगरपालिकालाई नदीजन्य पदार्थ उत्खनन नगर्न नगराउन सो आदेश जारी गरेको हो । चुरे तथा वनजङ्गल संरक्षण अभियान नेपालको तर्फबाट निवेदक अजय यादवले निजगढ नपा, कोल्हवी नपा, डिभिजन वन कार्यालय बारा र वन तथा वातावरण मन्त्रालय मधेस प्रदेशलाई विपक्षी बनाइ यही माघ १३ गते निवेदन दर्ता गराएका थिए ।

निवेदकका तर्फबाट अधिवक्ता वीरेन्द्र यादवले बहस गरेका थिए । अदालतले १४ गते सोमवार अल्पकालीन अन्तरिम आदेश दिएको हो । अदालतको आदेशमा निवेदनमा उठाइएका विषयवस्तुको गम्भीरतालाई मनन गरी दुवै पक्षबीच छलफल गराइ निष्कर्षमा पुग्न उपयुक्त हुने हुँदा माघ २२ गते मङ्गलवार छलफलको मिति तोकिदिएको र सो छलफल नहुन्जेल निवेदनमा उल्लिखित निजगढ नगरपालिका र जयगणेश सप्लायर्स तथा कोल्हवी नगरपालिका र महागौरी सप्लायर्ससँग भएको सम्झौता र सोअनुरूप निवेदनमा उल्लिखित बकैया खोला, भक्तलाल, शक्तिखोला, बगर खोला र धन्सार खोलाबाट रोडा, ढुङ्गा, ग्राभेल, बालुवाजस्ता नदीजन्य पदार्थ उत्खनन नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो ।



प्रजिअ वसन्त अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै अभियानका अध्यक्ष सुनील यादवलगायत । तस्वीरः प्रतीक

अदालतले आदेश जारी गरेसँगै चुरे तथा वनजङ्गल संरक्षण अभियान नेपालका केन्द्रीय अध्यक्ष सुनील यादवसहितको टोलीले हिजो मङ्गलवार बाराका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी र डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिभिजनल वन अधिकृत राजीवकुमार झालाई कार्यकक्षमैं भेटी जिल्ला समन्वय समिति, बारालाई अदालतद्वारा जारी गरिएको आदेश सम्बन्धित स्थानीय तह, ठेकेदार कम्पनी, कार्यालयहरूलाई यथाशीघ्र पालना गर्न गराउन ज्ञापनपत्रसमेत बुझाएको थियो ।

## जनमत पार्टीद्वारा निश्शुल्क आँखा शिविर

प्रस, वीरगंज, १६ माघ/

जनमत पार्टीको आयोजना तथा वीरगंज सामुदायिक आँखा केन्द्रको प्राविधिक सहयोगमा बुधवार जगरनाथपुर गाउँपालिका–२ लक्ष्मीपुरस्थित नेराप्राविको प्राङ्गणमा निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ । शिविरमा १७६ जनाको आँखा चेकजाँच गर्दा ६३ जनामा मोतीबिन्दु फेला परेको अस्पतालका स्वास्थ्य संयोजक महेश सिंह धामीले बताए । शिविरमा ३९ जनालाई औषधि वितरण गरिएको उनले बताए । मोतीबिन्दु भएकाहरूको बिहीवार वीरगंज सामुदायिक आँखा केन्द्रमा निश्शुल्क शल्यक्रिया हुने उनले बताए ।


तस्वीरः सौजन्य

जनमत पार्टीका नेता बृजेश्वरप्रसाद चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष नेपालीप्रसाद कुशवाहा, प्रअ धुरेन्द्र पटेललगायतको सहभागिता थियो । कार्यक्रमको सञ्चालन शेषनाथ सिंहले गरेका थिए ।

## घाइते कर्मचारीलाई शिक्षकहरूको सहयोग

प्रस, ठोरी, १६ माघ/

ठोरी गाउँपालिकाका सामुदायिक विद्यालयका शिक्षकहरूले दुर्घटनामा घाइते भएका एकजना कर्मचारीलाई उपचारका लागि आर्थिक सहयोग गरेका छन् ।

नेपाल शिक्षक महासङ्घ ठोरीको पहलमा गापाभित्रका २१ वटा विद्यालयका शिक्षकहरूबाट सङ्कलित एक लाख २३ हजार २३० रुपैयाँ नेराआवि वनशक्ति टाउन प्लानमा कार्यरत कार्यालय सहयोगी कलबहादुर गुरुङको परिवारलाई शिक्षक महासङ्घ ठोरीका अध्यक्ष अमृत श्रेष्ठले हस्तान्तरण गरेका थिए ।

माघ ४ गते मोटरसाइकल दुर्घटनामा घाइते भएका गुरुङको हाल वीरगंजस्थित न्युरो अस्पतालमा उपचार भइरहेको छ । आर्थिक अभावका कारण उपचारमा कठिनाइ भोगिरहेको खबर पाएपछि शिक्षक महासङ्घको नेतृत्वमा रकम सङ्कलन गरी सहयोग प्रदान गरिएको अध्यक्ष श्रेष्ठले बताए ।


तस्वीरः प्रतीक

कार्यक्रममा शिक्षक महासङ्घ ठोरीका उपाध्यक्ष गोपीलाल श्रेष्ठ, नेराआवि वनशक्तिका प्रधानाध्यापक त्रिलोचन पराजुली, नेराप्रावि सरस्वतीका प्रअ झमकबहादुर श्रेष्ठलगायतको सहभागिता थियो ।

## पटेर्वासुगौली गापामा छ कट्ठा गाँजाखेती फँडानी

प्रस, पंचगावाँ, १६ माघ/

पटेर्वासुगौली गाउँपालिकामा बुधवार प्रहरीले छ कट्ठामा लगाइएको गाँजाखेती फँडानी गरेको छ । इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक प्रकाश थापाको कमान्डमा खटिएको प्रहरी टोलीले पटेर्वासुगौली गाउँपालिका–२ फरकट्टीमा छ कट्ठामा रोपिएको गाँजाका बिरुवा फाँडेर नष्ट गरेको जनाएको छ । प्रहरीले गाँजाखेती गर्ने व्यक्तिहरूको खोजी गरिरहेको जनाएको छ ।


तस्वीरः प्रतीक

## वन समूहका अध्यक्ष सिद्धबहादुर थापासहित नौजना कसूरवार ठहर

जीतलाल श्रेष्ठ, निजगढ, १६ माघ/

निजगढ नगरपालिका–२ सिंगौलस्थित वनदेवी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष सिद्धबहादुर थापासहित नौजनामाथि वन फँडानी, वन अतिक्रमण गरेको कसूर ठहर भएको छ ।

बारा जिल्ला अदालतका १ नं न्यायाधीश कोमलप्रसाद आचार्यको इजलासले माघ १४ गते सोमवार सो फैसला गरेको बारा जिल्ला अदालत स्रोतले जनाएको छ ।

अध्यक्ष सिद्धबहादुर थापा, झलबहादुर राई, नरबहादुर क्षत्री, मनकुमार थापा, श्यामबहादुर घिसिङ, पद्मबहादुर भुजेल, सुशील थापा, जगतबहादुर दर्लामी, गङ्गामाया राउतमाथि बारा जिल्ला अदालतले कसूर ठहर गरेको जनाएको छ । डिभिजन वन कार्यालय, बाराले वन समूहका अध्यक्ष थापा सोही प्रकरणमा अनुसन्धानको क्रममा डिवका, बाराले ५२ जनाविरुद्ध मिसिल तयार गरी सरकारी वकीलको कार्यालयमा पेश गरे पनि सरकारी वकीलको कार्यालयले ३५ जनाविरुद्ध मात्र मुद्दा दायर गरेको थियो ।

डिभिजन वन कार्यालय, बाराले वन



अध्यक्ष सिद्धबहादुर थापा

समूहका अध्यक्ष थापालाई गत २०८० पुस २८ गते शनिवार दिउँसो पक्राउ गरी मुद्दा चलाएपछि चार लाख धरौटी राखी तारिखमा छुटेका थिए । सोही प्रकरणमा निजगढ वडा नं २ का पूर्वअध्यक्ष केशव ढोडारी, राधाकृष्ण पुडासैनी, नेत्रबहादुर पाख्रिनलगायत १६ जनालाई सफाइ दिएको अदालत स्रोतले जनाएको छ ।

सोही प्रकरणमा बुधकुमारी तिमल्सिना, चेतबहादुर थापा, दिनेश केसी, सीताराम लम्साल, बोलकबहादुर फुलाल, राजु घिसिङ, मोहन राई, डम्बरबहादुर थापा अदालतमा उपस्थित नहुँदा उनीहरूको मुद्दा मुल्तवीमा रहेको जनाएको छ ।

सो सामुदायिक वन उपभोक्ता समूहले २० हेक्टरभन्दा बढी वन क्षेत्र आबाद गर्दै आएको उजूरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रमा परेको थियो । तत्कालीन माओवादी सशस्त्र द्वन्द्वताका फँडानी गरिएको सो वन क्षेत्रमा स्थानीय समाजसेवी र सचेत गाउँलेहरूले मानवबस्ती बस्न रोक लगाए पनि हाल ११ घरवटा रहेको वन कार्यालयले जनाएको छ ।

अतिक्रमण गरिएका वन क्षेत्रमा सार्वजनिक, सामुदायिक विद्यालय, मठमन्दिर, गुम्बा, सङ्घसंस्था सञ्चालनका लागि जमीन भागबन्डा गरी वन क्षेत्रको जमीनमा खेतीपाती गर्न ठेक्कासमेत लगाउँदै आइएको थियो ।

**विचारसार र सूक्तिहरू**

**दुःख कति भाग्यशाली छ, जसलाई पाएर मानिस आफन्तलाई सम्झन्छन् र धन कति भाग्यहीन छ, जसलाई पाएर मानिस आफ्नालाई पनि बिर्सन्छन् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुध्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | राजाप्रसाद कुर्मी (आरके पटेल) |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# चुरे जोगाऔं

**नेपालको भौगोलिक संरचनामा चुरे क्षेत्रले महत्त्वपूर्ण भूमिका खेलेको छ । प्राकृतिकरूपमा चुरे हिमाल, पहाड र तराईबीचको प्राकृतिक ढाल जस्तो मात्रै देखिन्छ, तर त्यसो होइन । तराई–मधेसको भूमिलाई रसिलो, मलिलो राख्दै जीवन प्रदान गर्ने मुख्य स्रोत नै चुरे हो । यही चुरे पछिल्लो समय अतिक्रमण, दोहन र सरकारी उपेक्षाको शिकार बन्दै गएको छ । चुरे क्षेत्रको विनाशले मधेस मात्र होइन, सम्पूर्ण नेपालकै आर्थिक, सामाजिक र पर्यावरणीय सन्तुलनलाई गम्भीररूपमा प्रभावित पार्न सक्छ । चुरे क्षेत्र जैविक विविधताले भरिपूर्ण छ । यस क्षेत्रले मधेसमा जलस्रोत व्यवस्थापन र भूमिलाई मलिलो बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ । तर अवैध एवं अवैज्ञानिकरूपमा बालुवा, गिट्टी, ढुङ्गा उत्खनन गर्ने प्रवृत्ति बढ्दै जाँदा चुरे क्षेत्रको माटो खस्कँदै गएको छ । जब माटो नै रहँदैन भने वन मासिन्छ, भूक्षयको जोखिम बढ्छ र बिस्तारै जलस्रोत एवं पानीका मूलहरू सुकेर जान्छन् । चुरेको विनाशसँगै तराई–मधेसको उर्वरभूमि सङ्कटमा पर्दैछ । यहाँका खोलानदीमा बाढी नियन्त्रण गर्ने प्राकृतिक प्रणाली कमजोर हुँदैछ ।**

**हरेक वर्ष असार–साउनमा मधेस डुबानमा पर्ने, हिउँदमा खेतीपाती गर्न सिंचाइको अभाव हुने प्रक्रिया बढ्दै गएको छ । चुरेबाट बग्ने नदीहरूमा बालुवा बढेर पानीको प्रवाह घट्दै जानु, बाढीले बस्ती नै उथलपुथल पार्ने समस्या देखा पर्नु र सोही कारण मधेसका कृषकहरू निरन्तर मारमा पर्न थालेका छन् । चुरे क्षेत्रले वर्षामा पानी सञ्चित गरेर भूमिगत जलस्रोत कायम राख्छ । जब चुरे मासिन्छ, जमीनमा पानी थिग्रन सक्दैन । यसको प्रत्यक्ष असर मधेसका इनार, धारो, नहर र खेतबारीमा देखिन्छ । पानीको सतह घट्दै जाँदा सिंचाइ अभावले उत्पादनमा असर पुऱ्याउँछ । जब मधेसको खेती कमजोर हुन्छ, यसले मुलुकको अर्थतन्त्रलाई नै धक्का लाग्छ । तराई–मधेस नेपालको अन्नभण्डार हो । यहाँका खेतबारीले मुलुकलाई खाद्यान्न, तरकारी, फलफूलगायतका मुख्य उत्पादन आपूर्ति गर्दै आएका छन् । चुरेको दोहन बढ्दै जाँदा खेतीयोग्य जमीनको उर्वराशक्ति घट्दै गएको छ ।**

**जलस्रोत सङ्कटका कारण उत्पादनमा गिरावट आउँछ । खाद्यान्न उत्पादन घट्दा यसको असर बजार मूल्यमा पनि पर्छ । देश आत्मनिर्भर हुनुको सट्टा खाद्यान्नमा परनिर्भर हुनुपर्दा महँगी बढ्ने, गरीबी चुलिने र खाद्य सङ्कट गहिरिँदै जाने खतरा रहन्छ । चुरे क्षेत्रमा भइरहेको अवैध दोहन, वन फँडानी र अनियन्त्रित उत्खनन रोक्न सरकारले कडा कानूनी नीति ल्याउन आवश्यक छ । कानून कार्यान्वयन गर्ने निकायहरूलाई प्रभावकारी बनाउन जरुरी छ । यस क्षेत्रको संरक्षणका लागि स्थानीय समुदायलाई प्रत्यक्षरूपमा जोडिनुपर्छ । यसमा पनि विशेषगरी तराई–मधेस क्षेत्रको नेतृत्व हुनुपर्छ । संरक्षणको कामलाई व्यावसायिकीकरण गर्दै सामुदायिक वनलाई प्रवर्द्धन गर्न आवश्यक छ । त्यसैगरी, चुरे क्षेत्रको भूमिगत जल पुनर्स्थापना गर्न वृक्षारोपण, ससाना पोखरी निर्माण, पानी सोस्ने प्राकृतिक प्रणालीलाई पुनर्स्थापना गर्ने नीति तथा कार्यक्रम र योजनाहरू बनाउनुपर्छ । चुरे क्षेत्रमा हुने हरेक विकास योजनाहरू वातावरणमैत्री हुनुपर्छ । नदीजन्य पदार्थ उत्खनन गर्नुभन्दा विकल्पका स्रोतहरू खोजिनुपर्छ । यसका लागि कुनै पनि सरकारले चुनावी घोषणापत्रमा मात्र कुरा राखेर हुँदैन । यो विषयमा दलभन्दा माथि उठेर राष्ट्रिय नीति निर्माण गर्नुपर्ने समय आइसकेको छ ।**

# शहीदको सम्मानले श्रेष्ठ नागरिक जन्मन्छ

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**अनि शहीदहरूको सपना साकार भएको पनि समाजमा फैलाउनुपर्छ । शहीदले के सपना देखेका थिए र समाजले कसरी साकार बनायो, यसको जानकारी पनि सार्वजनिक भइरहँदा समाजले प्रेरणा पाइरहन्छ । शहीदहरूबाट समाजले सदैव प्रेरणा पाइरहने वातावरण बन्नुपर्छ ।**

अहिले केही वर्षदेखि शहीद सप्ताह मनाउने चलन चलेको छ । शहीदहरूको सम्मानमा यो निकै राम्रो चलन हो । शहीदको सम्मान हरेक मानिसले गर्नुपर्छ । शहीदले दिएको आदर्शमा पनि हिंड्ने प्रयास गर्नुपर्छ । हुनत आदर्शवादी हरेक मानिस हुन सक्दैन । हरेक मानिसमा एकै किसिमको प्रतिभा हुँदैन । एकै किसिमले मानिसहरूले सोच्न सक्दैनन् । मानिसहरूमा सोचविचार गर्ने तथा आफ्नो जीवन–दृष्टि बनाउने स्वतन्त्रता हुन्छ । सम्भवतः यसै कारणले पनि मानिस कुनै उद्योगको उत्पादनजस्तो एकनासको हुन सक्दैन र हरेक मानिस आफैंमा विशिष्ट हुन्छ भनिन्छ । मानिसमा हुने चिन्तनगत भेद तथा व्यवहारमा हुने परिवर्तनले नै उसलाई अरूका माझ फरक भनेर चिनाएको हुन्छ ।

हरेक मानिसको सपना हुन्छ । अझ सपनाहरू हुन्छन् । मानिसहरूले आफ्नो सपना पूरा गर्न दौडिरहनुपरेको हुन्छ । मानिसले सङ्घर्ष गर्नैपर्छ । अनि राष्ट्रवादी वा देशभक्त नागरिकको नजरमा देशको पनि सपना हुन्छ । जसरी हरेक मानिसको दैनिकी हुन्छ त्यसरी नै देशको पनि दैनिकी हुन्छ भन्ने मान्यता यस्ता मानिसहरू राख्दछन् । मानिसले आफ्नो पीडा वा समस्याबारे जानकार भई समाधानको लागि प्रयास गरेको हुन्छ, त्यसैगरी देशका पनि समस्याहरू हुन्छन् र देशको समस्या समाधानका लागि कोही न कोही अगाडि बढ्दैपर्दछ । देशका लागि कसै न कसैले सङ्घर्ष गर्नैपर्ने हुन्छ । हरेक समयमा देशका लागि सोचविचार गर्नेहरूलाई समस्याहरू आएकै देख्दछौं । अझ यदि कोही देशमा रहेको शासन व्यवस्थाको विरोधमा जान्छ भने उसलाई तत्कालीन शासन व्यवस्थाले नै राम्रो मान्दैन ।

कुनै पनि देशमा सधैं एकै किसिमको व्यवस्था रहँदैन । विगत सय वर्षको इतिहास हेर्ने हो भने विश्वका धेरै देशमा व्यवस्था परिवर्तन भएको पाउन सकिन्छ । यसबीच कैयौं देशहरू अन्य देशको कब्जाबाट मुक्त भएका छन् भने कतिपय देशको आन्तरिक राजनैतिक व्यवस्थामा उलटफेर वा परिवर्तन भएको छ । देशको आन्तरिक व्यवस्था परिवर्तन होस् वा देशलाई अन्य देशको कब्जाबाट मुक्त गर्न होस्, ती सबै देशमा सङ्घर्ष वा आन्दोलन भएकै छ । देशको मुक्ति वा स्वतन्त्रता तथा व्यवस्था परिवर्तनका लागि भएको आन्दोलनमा धेरैको सहभागिता हुन्छ । कतिपय देशमा शान्तिपूर्ण सत्ता परिवर्तन भएको पाइन्छ भने कतिपय देशमा हिंसात्मक आन्दोलन हुन्छ । यदि आन्दोलन सफल भयो भने सहभागी सबै योद्धा कहलाउँछन् र असफल भयो भने राज्यले उनीहरूप्रति आदर–भाव राख्दैन ।

कोही पनि शहीद हुने अवस्था राज्यको विरोधमा लागेर नै आएको हुन्छ । जसले शहीद बनाउँछ वा जसको कारणले शहीद बन्ने वातावरण बन्दछ उसले तत्कालीन अवस्थामा शहीदलाई शहीदको दर्जा नदिनु तथा शहीदको सम्मान नगर्नु, शहीदहरूबारे अनावश्यक टिप्पणी गर्नु र अझ शहीदप्रति नकारात्मक भाव विस्तार गर्नु स्वाभाविक हुन्छ । यद्यपि सर्वसाधारण नागरिकले भने सबै कुरो बुझिरहेको हुन्छ । राज्य तथा शहीदमा को सही र कसको भूमिकाले देशलाई बढी फाइदा पुग्छ भन्ने कुराको मूल्याङ्कन पनि समाजमा भइरहेको हुन्छ । समाजभन्दा ठूलो मूल्याङ्कनकर्ता कोही हुँदैन र समाजले गर्ने मूल्याङ्कन सचेत हुन्छ । यदि शहीदले लिएको उद्देश्य सही हो र देशको हितको लागि सचेततापूर्वक ज्यानको बाजी थापेर आन्दोलनमा गएको हो भने शहादत देशको लागि गौरव हो ।

शहीदप्रति सबैको हृदयमा सम्मान आवश्यक छ । र, यदि साँच्चीकै भन्ने हो भने बाहिर व्यक्त गरे पनि वा गर्न नसके पनि शहीदप्रति सबैको मनमा सम्मान हुन्छ । यदि त्यहाँका नागरिकले व्यवस्था परिवर्तन गर्न सकेका छन् भने त्यस अवस्थामा शहीदहरूप्रति अझ धेरै सम्मान भएको हुन्छ । पुरानो व्यवस्थाका हिमायतीहरूको मनमा भने केही आक्रोश होला वा असन्तोष होला तर त्यो आक्रोश वा असन्तोष शहीदप्रति होइन आफ्नो विगतप्रति हुन्छ । विगतमा आफूहरूले अझ राम्रो गर्न सक्ने धेरै ठाउँ थिए जसलाई सदुपयोग गर्न सकिएन अनि अहिलेको अवस्था आयो भन्ने हुनुपर्छ । हुनत विश्वमा यस्ता बिरलै घटना होला कि कुनै व्यवस्था वा राजनैतिक अवस्था परिवर्तन भएपछि केही समयमा पुनः पुरानै व्यवस्था आएको होस् । समय अगाडि बढिसकेको हुन्छ, यसकारण पहिलेको व्यवस्था आउँदा पनि धेरै सुधारिएको हुन्छ र पहिलेभन्दा धेरै जनमुखी भएर आएको हुन्छ ।

अब अलिकति शहीदको सम्मानको कुरो पनि गरौं । धर्मशास्त्रमा ईश्वरको नामको माला वा मन्त्र जपेजस्तो शहीदको नाम जपेर वा शहीदप्रति सार्वजनिकरूपमा सम्मान अर्पण गरेर मात्र शहीदको सम्मान हुने हो ? कि शहीदको सपना साकार पार्न केही गर्नुपर्छ ? शहीदको सालिक वा तस्बिरमा माल्यार्पण गर्नुपर्छ । यो औपचारिक सम्मान हो । शहीदको योगदानको पनि स्मृति गर्नुपर्छ । शहीदको त्याग, शहीद हुँदाको अवस्थो, तिनका जीवनी तथा अन्य सकारात्मक पक्षबारे पनि शहीद दिवस वा शहादत दिवस वा शहीद सप्ताहको समयमा व्यापक चर्चा गरिनु अझ आवश्यक छ । शहीदहरूको सम्मानमा यस्ता अन्य कार्यक्रमहरू पनि गर्न सकिन्छ; गर्नुपर्छ । जति धेरै औपचारिक कार्यक्रमहरू आयोजना हुन्छ, त्यत्ति धेरै सम्मान हुन्छ र वर्तमान पुस्तामा पनि सकारात्मक भावको सञ्चार हुन पाउँछ, नयाँ पुस्ताले पनि त्यस किसिमको त्याग, निस्स्वार्थ समर्पणबाट शिक्षा प्राप्त गर्छ । समाजलाई सही दिशामा लैजानको लागि समाज तथा समाजका अगुवा वर्गले पनि शिक्षा र चेतना पाउँछन् । बाटो बिर्सेकालाई, कर्तव्य भुलेकालाई शहीदको सम्मानले सुधार्ने वा सच्चिने मौका पनि दिन्छ । सही बाटोमा हिंडे नहिंडेको भन्ने कुरा समाजका अगुवाले स्वयं जाँच्ने आधार पनि शहीदहरूबाट लिन सकिन्छ । यसरी औपचारिक कार्यक्रमहरूको आयोजना पनि धेरै राम्रो हो ।

तर वास्तवमा शहीदहरूको चाहनालाई साकार रूप दिनु शहीदप्रति वास्तविक सम्मान हो । शहीद दिवस वा सप्ताहको अवसरमा शहीदहरूको स्मृति गर्नुपर्छ र शहीदहरूको सपना साकार पार्नको लागि प्रेरणा लिनुपर्छ । शहीदको सपना साकार पार्नको लागि शहीद दिवस नै चाहिन्छ भन्ने होइन, जहिले पनि गर्नुपर्ने हुन्छ । शहीदको आदर्श, सिद्धान्त तथा उद्देश्यलाई व्यवहारमा लागू गर्ने प्रयास गर्नुपर्छ । अनि मात्र शहीदप्रतिको वास्तविक सम्मान देखिन्छ । अनि स्पष्टतः शहीदहरूको सपना साकार भएको पनि समाजमा फैलाउनुपर्छ । कसरी शहीदले के सपना देखेका थिए र कसरी त्यो सपना समाजले साकार बनाएको छ, यसको जानकारी पनि सार्वजनिक भइरहँदा समाजले प्रेरणा पाइरहन्छ । शहीदहरूबाट समाजले सदैव प्रेरणा पाइरहने वातावरण बन्नुपर्छ ।

भनिन्छ, शहीदको सपना साकार भए–नभएकोबारे बुझ्ने आधार नागरिक हो । नागरिकले नै शहीदको सपना साकार पार्न मुख्य भूमिका खेल्न सक्छ । नागरिक र देशको लागि शहीदले सपना देख्ने र नागरिकले नै समाजको विकास गर्ने वातावरण बनाउन मानिसहरूले शहादत प्राप्त गर्ने हुनाले यथार्थमा शहीदहरूको सपना पूरा गर्नु सबैको साझा कर्तव्य पनि बन्ने हुन्छ । यदि हामी सबै आफ्नो ठाउँमा समाज र देशप्रतिको जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्ने हो भने पनि शहीदको सपना साकार पार्नको लागि सम्मानजनक भूमिका निर्वाह गरेको ठहर्छ । तर पनि शहीदबारे समाजमा निरन्तर चेतना फैलाइरहनुपर्छ । शहीदहरूबारे जति धेरै सकारात्मक चर्चा समाजमा चलिरहन्छ, त्यति धेरै ऊर्जा प्राप्त भइरहन्छ ।

# संसार हेर्ने अभिलाषा पूरा हुन लागेकामा ज्येष्ठ नागरिक मक्ख

महोत्तरी, १६ माघ/रासस

'फेउर स जिनगीमे इजोत आयल' (फेरि जीवनमा उज्यालो फर्क्यो) मोतीबिन्दुले टालिएको आँखाको शल्यक्रिया गराएकी बर्दिवास–१० खयरमारा मुसहरीटोलकी ६५ वर्षीया दुलारी सदा मुसहरले प्रसन्न हुँदै भनिन्– 'बुझलियै फेउर स हम पहिने सन देख पायब' (बुझ्नुभयो, फेरि म पहिलेजस्तै देख्न सक्ने हुनेछु) ।

पछिल्ला १० वर्षयता मोतीबिन्दुले आँखा टालिंदा अँध्यारो भएको संसार अहिलेको शल्यक्रियाले ज्योति फर्कने कुराले दुलारीको खुशीको सीमा छैन । देब्रे आँखाको शल्यक्रिया गराएकी दुलारीको केहीपछि दाहिने आँखाको पनि शल्यक्रिया गर्नुपर्ने चिकित्सकले सुझाएका उनले बताइन् । केही दिनपछि नै आँखाको पट्टी हटाएपछि लगाउन कालो चश्मा पाउने कुरा पनि उनले बताइन् ।

दुलारीजस्तै सोही बस्तीका ७० वर्षीय रामचन्दर सदा पनि आँखाको मोतीबिन्दु हटाउने शल्यक्रियापछि अब उज्यालो संसार देखिने आसले दङ्ग छन् । "हेर्नुस् हजूर, हामी गरीबले यो अवसर पाउनु भनेको भगवान् भेटेजत्तिकै हो"–नेपाली राम्रो बोल्न जान्ने रामचन्दरले भने– "सित्तैमा हामी मुसहरलाई यो मौका हतपत कहाँ जुर्छ र हजूर, यो जसले गराइदिनुभयो, उहाँलाई भगवान्ले हेरून् ।" मुसहर मधेसमा स्वास्थ्य, शिक्षा, सामाजिक र आर्थिक अवसरबाट निकै पछि परेको अति सीमान्तकृत जाति समुदाय हो । दुलारी र रामचन्दरजस्ता अतिविपन्न परिवारका आँखाको समस्या समाधान गरिदिन अहिले बर्दिवास आँखा अस्पतालको पहलकदमीमा इम्प्रुभिङ लाइभ्स इन नेपाल नामक संस्थाले आर्थिक स्रोत जुटाइदिएको हो ।



तस्वीरः फाइल/प्रतीक

सोमवार र मङ्गलवार गरी एक सयजनाको आँखाको मोतीबिन्दुको जालो हटाउने शल्यक्रिया बर्दिवास जनसेवा अस्पतालमा सम्पन्न भएको छ । शल्यक्रिया गरिन आँखाका बिरामी यसपटक अत्यन्त गरीब बस्तीबाट परेका दुई दिने यो शिविरको बर्दिवास आँखा अस्पतालका समन्वयकर्ता मुकुन्दप्रसाद पौडेलले बताए ।

"आफ्नै आर्थिक स्रोतले आँखाको उपचार र शल्यक्रिया गराउनै नसक्ने अत्यन्त विपन्न परिवारका सदस्यले यसपालि अवसर पाएका छन्"–पौडेल भन्छन्–"आँखाका बिरामीको सर्भेकै क्रममा अत्यन्त गरीब बस्तीमा मोतीबिन्दुका बिरामी भेटेपछि इम्प्रुभिङ लाइभ्स इन नेपालसँग अनुरोध गरिएको हो, सो संस्थाले सदाशयतापूर्वक प्रस्ताव स्वीकार गरिदिंदा एक सयजनाले आँखाको ज्योति पाएका छन् ।" दुई दिने शिविरमा शल्यक्रिया गरिनेहरू अधिकांश बर्दिवास–१०, ११ खयरमाराका अतिविकट चुरेकाछका बस्तीका गरीब परेका पौडेलले बताए । खयरमारा बर्दिवास मुख्यचोकबाट ४० किलोमिटर दूरीमा पर्छ ।

"हामी भनिन त बर्दिवास नगरकै हौं, तर बिरामी पर्दा हामीले पहिले पुग्ने ठाउँ ४० किलोमिटर छिचोलेर बर्दिवास चोक नै हो"–बर्दिवास–१० की ७० वर्षीया जानकी यादव भन्छिन्–"धन्न यी डाग्डरबाबूले हाम्रो सम्झना गरेछन् र आँखाको जालो हटाउने मौका पाइयो ।" सोही बस्तीका ७५ वर्षीय सुरज यादव पनि मोतीबिन्दुको शल्यक्रियापछि फेरि संसार देखिने आसमा दङ्ग छन् ।

शिविरमा जिल्लाकै रामगोपालपुर, जलेश्वर र मनरासिसवा नगर क्षेत्रका मोतीबिन्दुका बिरामी पनि लाभान्वित भएका छन् । 'सोच्ने नै छली जे मुनायल आँइखक पर्दा फेरू उघरत' (सोचेकै थिइनँ, जालोले ढाकेको आँखाको पर्दा फेरि उघ्रन्छ) रामगोपालपुर–४ की ६५ वर्षीया कमोधियादेवी बरही भन्छिन्,–"दश साल स खेपी रहल अन्हारक पीडा आब सब भुलागेल' (दश वर्षदेखि खेप्दै आइएको अँध्यारोको पीडा अब सबै बिर्सियो) ।

दुई दिने मोतीबिन्दु शिविरका लागि पहिलो चरणमा बस्ती चयन, दोस्रो चरणमा आँखा जाँच र तेस्रो चरणमा शल्यक्रियाको प्रबन्ध मिलाइएको बर्दिवास आँखा अस्पतालले जनाएको छ । तीनवटै चरणका लागि इम्प्रुभिङ लाइभ्स इन नेपालले पाँच लाख ५० हजार रकम उपलब्ध गराएको अस्पतालका स्रोतव्यक्ति

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# एचपिभी खोप अभियानः अभिनेत्री कोइराला सद्भावनादूत

काठमाडौं, १६ माघ/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले राष्ट्रिय खोप कार्यक्रम तथा एचपिभी खोप अभियानका लागि अभिनेत्री मनीषा कोइरालालाई सद्भावनादूत घोषणा गरेको छ। मन्त्रालयले बुधवार उनलाई सद्भावनादूत घोषणा गरेको हो।




कार्यक्रममा अभिनेत्री कोइरालाले आफू क्यान्सरबाट पीडित भएर निको भएको बताउँदै निरोधात्मक पूर्वतयारी गरे पाठेघरको मुखको क्यान्सरबाट हुने जोखिमबाट बच्न सकिने उल्लेख गरिन्। खोपलाई प्रोत्साहन गर्ने सामाजिक काममा सहभागी हुन पाउँदा गर्व महसूस भएको बताउँदै उनले यस अभियानमा सबैलाई हातेमालो गरेर अघि बढ्न आग्रह गरिन्।

सङ्घीय सरकारले पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप अभियान यही माघ २२ गतेदेखि शुरू गर्दैछ। आगामी फागुन ६ गतेसम्म देशैभरि सञ्चालन हुने यस अभियान अन्तर्गत १६ लाख ८८ हजार ७६८ किशोरीलाई एचपिभी खोप लगाइँदैछ।

एचपिभी खोप लगाएमा पाठेघरको मुखमा हुने क्यान्सरबाट सुरक्षित हुन सकिने र खोप प्रारम्भिक किशोर अवस्थामा लगाएमा प्रभावकारी हुने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। यस सन्दर्भमा प्रारम्भिक किशोरावस्था भन्नाले १० देखि १४ वर्षको उमेरलाई बुझाउँछ।

मन्त्रालयले यही माघ २२ गते विश्व क्यान्सर दिवसका दिन खोप अभियान सुरुआत गर्ने जनाएको हो। नेपालमा औसतमा हरेक दिन छजना महिलालाई पाठेघरको मुखको क्यान्सर हुने र चारजना महिलाको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुने गरेको स्वास्थ्य मन्त्रालयको तथ्याङ्कले जनाएको छ।

स्वास्थ्यमन्त्री प्रदीप पौडेलले पाठेघरको मुखको क्यान्सरलाई जनस्वास्थ्य समस्याका रूपमा नरहने अवस्थामा पुऱ्याउन सरकारले सन् २०३० सम्म तीनवटा स्वास्थ्य सेवाको गन्तव्य निर्धारण गरेको जानकारी दिए। जस अनुसार १० देखि १४ वर्षसम्म उमेरका कम्तीमा ९० प्रतिशत किशोरीलाई एचपिभी खोप दिइने र ३० वर्षभन्दा माथिको उमेर समूहका कम्तीमा ९० प्रतिशत महिलाको पाठेघरको मुखको क्यान्सरको परीक्षण गरिने उनले उल्लेख गरे। उनका अनुसार पाठेघरको मुखको क्यान्सर पहिचान भएका कम्तीमा ९० प्रतिशत महिलाको उपचार गरिनेछ।

यो वर्ष देशव्यापीरूपमा एचपिभी खोप अभियान सञ्चालन गरिँदैछ। यस अभियानमा कक्षा ६ देखि १० सम्मका छात्राहरू र विद्यालयबाहिर रहेका १० देखि १४ वर्षसम्मका किशोरीहरूलाई एचपिभी खोप दिइनेछ।

मन्त्री पौडेलले भने, "मुलुकलाई सबैखाले क्यान्सरमुक्त बनाउन उपचारात्मक मात्र होइन, अब निरोधात्मक अभियानमा लागेका छौं। धेरै मृत्यु हुने गरेको पाठेघरको मुखको क्यान्सरबाट महिलालाई जोगाउन यो अभियान शुरू गरेका हौं।"

एचपिभी खोप सेवालाई आगामी वर्षदेखि नियमित अभियानका रूपमा सञ्चालन गरिने मन्त्री पौडेलले जानकारी गराए। अभियान अन्तर्गत विद्यालय जाने कक्षा ६ का छात्राहरू र विद्यालयबाहिर रहेका १० वर्ष उमेरका किशोरीहरूलाई हरेक वर्ष एचपिभी खोप दिइने मन्त्रालयले जनाएको छ।

एचपिभी खोपका लागि लक्षित गरेका अधिकांश किशोरी विद्यालयमा अध्ययन गर्ने भएकाले खोप सेवा पनि मुख्यतः विद्यालय केन्द्रित हुनेछ। विद्यालयहरूमा खोप सेवा सञ्चालनपछि स्वास्थ्य संस्था र बाह्य खोप केन्द्रहरू तथा वडा कार्यालयबाट समेत यो खोप प्राप्त गर्न सकिने मन्त्रालयले जनाएको छ।

यस वर्ष सञ्चालन हुने एचपिभी खोप अभियानमा १८ हजार नौ सय विद्यालय र आठ हजार दुई खोप केन्द्रबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको स्वास्थ्य मन्त्रालयका सचिव डा रोशन पोखरेलले जानकारी दिए। उनका अनुसार खोप दिने स्वास्थ्यकर्मीहरू करीब २७ हजार र स्वयंसेवक ५४ हजारभन्दा बढी परिचालन हुनेछन्।

खोप अभियानका लागि १७ लाख ७० हजार २० मात्रा एचपिभी खोप प्राप्त भएको जानकारी दिंदै उनले यो खोप प्रदेश तहमा पुऱ्याइसकिएको र अभियान सञ्चालन अगाडि सम्बन्धित स्वास्थ्य संस्थामा पुग्नेगरी खोप वितरण गरिने बताए।

अभियानका लागि गाभीबाट सहयोग र नेपाल सरकारको सहलगानी रहेको छ। हरेक वर्ष नियमित खोप कार्यक्रममा एचपिभी खोप समावेश गरी दिगोरूपमा खोप दिने लक्ष्य नेपाल सरकारले लिएको छ।

मन्त्रालयले एचपिभी खोप सुरक्षित र प्रभावकारी रहेको र नेपालमा खरीद–आपूर्ति गरिने एचपिभी खोप विश्व स्वास्थ्य सङ्गठनले गुणस्तरयुक्त प्रमाणित खोप भएको जनाएको छ। नेपालमा खोप सञ्चालन गर्नका लागि औषधि व्यवस्था विभागले समेत अनुमति प्रदान गरेको छ।

# उपलब्धिको रक्षा गर्दै समृद्धितर्फ अघि बढ्नुपर्छ –प्रमुख सुवेदी

धनुषा, १६ माघ/रासस

मधेस प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले प्राप्त उपलब्धिको संरक्षण गर्दै मुलुकमा स्थायी शान्ति र समृद्धिको बाटोमा अघि बढ्न सकेमा शहीदप्रतिको सच्चा सम्मान हुने बताएकी छन्।

बुधवार शहीद दिवसका सन्दर्भमा शुभकामना सन्देश जारी गर्दै उनले मुलुकमा राजनीतिक परिवर्तन लोकतन्त्र स्थापनाका लागि ठूला–ठूला आन्दोलन भएका र यस क्रममा धेरै नेपाली नागरिकले बलिदानी दिएको उल्लेख गरेकी छन्। यसरी प्राप्त उपलब्धि बचाएर देशलाई समृद्धिको बाटोमा अघि बढाउनु अहिलेको आवश्यकता भएको उनले सन्देशमा उल्लेख गरेकी छन्।

देशमा शहीदको सम्मानार्थ शहीद दिवसमार्फत स्मरण गर्दै गर्दा उनीहरूले देखाएको बाटो भुल्न नहुनेमा उनले जोड दिएकी छन्। प्रमुख भण्डारीले लोकतन्त्र स्थापना भइसकेको अवस्थामा अब मुलुकमा स्थायी शान्ति कायम राखी विकास र समृद्धिलाई मेरुदण्ड बनाएर विकसित मुलुकको मापदण्डमा पुग्नुपर्ने अहिलको मुख्य चुनौती रहेको उल्लेख गरेकी छन्।

प्रदेश प्रमुख भण्डारीले विभिन्न चरणका आन्दोलनमा आफ्नो बलिदानी दिनुहुने ज्ञात–अज्ञात शहीदप्रति उच्च सम्मान व्यक्त गर्दै श्रद्धाञ्जलि अर्पण गरेकी थिइन्।



**दशरथ चन्दको जन्मघरः** बैतडीको बसकोटस्थित दशरथ चन्दको जन्मघर। शहीद दिवसका अवसरमा बुधवार उनको जन्मघर परिसरमा शहीद दिवस मनाइँदै। तस्बिरः धर्मेन्द्र झा/रासस

# 'कोरम' नपुगेपछि पूर्वाधार समितिको बैठक स्थगित

काठमाडौं, १६ माघ/रासस

प्रतिनिधिसभा अन्तर्गतको पूर्वाधार विकास समितिको बैठक कोरम नपुगेपछि स्थगित भएको छ। २५ सदस्यीय समितिमा निर्धारित समयभन्दा डेढ घण्टा बढी समयमा पनि बैठक सञ्चालनका लागि आवश्यक न्यूनतम सङ्ख्या नपुगेपछि बैठक स्थगित भएको हो। बिहान ११:३० बजे बोलाइएको बैठकमा १० सदस्यको मात्र उपस्थिति रह्यो। सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूले आफ्ना सदस्यहरूको संसदीय समितिमा हुने उपस्थिति र खेल्ने भूमिकाका आधारमा मूल्याङ्कन हुने बताइरहेका बेला कोरम नपुगेर बैठक स्थगित हुन पुगेको छ।

सरकारका प्रतिनिधिको अनुपस्थिति भएमा बैठक नचलाइने अभ्यास अनुसार बैठकमा आमन्त्रण गरिएका ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री दीपक खड्का र राज्यमन्त्री पूर्णबहादुर तामाङ भने समितिमा उपस्थित थिए।

उपयुक्त समयमा अर्को बैठक बस्ने समितिका सभापति दीपकबहादुर सिंहले जानकारी दिए। बैठक सञ्चालनका लागि न्यूनतम १३ जना उपस्थित हुनुपर्छ। आजको बैठकमा ऊर्जा मन्त्रालयसँग सम्बन्धित समितिमा परेका उजूरीका सम्बन्धमा छलफल गर्ने कार्यसूची थियो।

# सिराहाको ठाढी भन्सारमा लक्ष्य अनुसार उठेन राजस्व

सिराहा, १६ माघ/रासस

सिराहाको ठाढी भन्सार कार्यालयमा चालू आर्थिक वर्षको छ महीनाको अवधिमा भन्सार विभागले निर्धारण गरेको लक्ष्यभन्दा कम राजस्व उठेको छ। यस भन्सार कार्यालयलाई आव २०८१/८२ मा रु चार करोड २३ लाख ४२ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य तोकिएकोमा पुस मसान्तसम्म रु दुई करोड पाँच लाख ६९ हजार लक्ष्य तोकिएको थियो। तर छ महीनाको यस अवधिमा कार्यालयले रु एक करोड ७१ लाख ४५ हजार मात्र राजस्व सङ्कलन गरेको छ। यो लक्ष्यको करीब ८४ प्रतिशत हुन आउँछ।




कार्यालयका भन्सार अधिकृत मुकेशकुमार पाठकका अनुसार अपेक्षित राजस्व सङ्कलन हुन नसक्नुमा सिराहा जिल्लामा 'खाद्य तथा प्लान्ट क्वारेन्टाइन' नहुनु हो। उनले भने, "यस जिल्लामा दुईवटा मूल भन्सार र एउटा छोटी भन्सार कार्यालय रहेका छन्। तर जिल्लामैं खाद्य तथा प्लान्ट क्वारेन्टाइन नहुँदा खाद्य सामग्रीको भन्सार जाँचपास हुन सकेन र अपेक्षित राजस्व सङ्कलन पनि हुन नकेन।"

भन्सार अधिकृत पाठकले प्लान्ट क्वारेन्टाइन कार्यालयको अभावमा चोरी निकासी तथा पैठारी हुने गरेको भन्दै खाद्य सामग्रीलाई वैधानिकरूपमा भन्सार जाँचपास प्रक्रियामा ल्याउन सके राजस्व सङ्कलन दुई गुणाले बढ्ने दाबी गरे। सम्बन्धित मन्त्रालय तथा विभागमा पटकपटक पहल गरिए तापनि सुनवाइ हुन नसकेको उनले जानकारी दिए।

# राष्ट्रिय योजना आयोगद्वारा अनुदान लिन प्रस्ताव माग

काठमाडौं, १६ माघ/रासस

राष्ट्रिय योजना आयोगले आगामी आर्थिक वर्ष २०८२–८३ मा सङ्घीय समपूरक र विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना र कार्यक्रमको प्रस्ताव माग गरेको छ। प्रदेश र स्थानीय तहलाई परिपत्र गर्दै आयोगले यी शीर्षकमा अनुदान लिन आगामी फागुन १५ गतेभित्र योजना तथा कार्यक्रमको विस्तृत विवरणसहितको प्रस्ताव पेश गरिसक्न भनेको हो।

अघिल्ला वर्षहरूमा आयोगले समपूरक र विशेष अनुदानका योजनाको प्रस्ताव पुस मसान्तभित्र माग गरिसक्थ्यो। तर यसपटक राष्ट्रिय विकास समस्या समाधान समितिले समपूरक र विशेष अनुदानसम्बन्धी कार्यविधि संशोधन गर्न निर्देशन दिएपछि प्रस्ताव माग गर्न ढिला भएको थियो। आयोगका सहप्रवक्ता डा दिवाकर लुइँटेलका अनुसार कार्यविधि संशोधन भएर कार्यान्वयनमा आएसँगै अनुदानका लागि प्रस्ताव माग गरिएको हो। "समपूरक अनुदानमा सङ्घले ५० प्रतिशत योगदान गर्ने र बाँकी ५० प्रतिशत सम्बन्धित प्रदेश तथा स्थानीय तहले बेहोर्ने यस अघिको व्यवस्था संशोधन गरी २० देखि ८० प्रतिशतसम्म बेहोर्नुपर्ने व्यवस्था ल्याइएको छ। सोही व्यवस्था अनुसार आगामी आर्थिक वर्षका लागि योजना तथा कार्यक्रमको माग गरिएको हो"–लुइँटेलले भने।

विशेष अनुदानसम्बन्धी कार्यविधि, २०८१ ले यो शीर्षकमा अनुदान दिंदा योजना तथा कार्यक्रमको लागत तोकेको छ। गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रममा रु २५ लाखदेखि रु तीन करोड लागत हुनुपर्नेछ। त्यस्तै, उपमहानगरपालिका र महानगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको लागत अनुमान न्यूनतम रु २५ लाखदेखि अधिकतम रु पाँच करोडसम्म तोकिएको छ। सङ्घीय विशेष अनुदान अन्तर्गत प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको लागि कुल लागत अनुमान रु पाँच करोड देखि रु १० करोड तोकिएको छ। विशेष अनुदान अन्तर्गतका पूर्वाधार आयोजना तीन वर्षभित्र र अन्य कार्यक्रम सालबसाली सम्पन्न गरिसक्नुपर्ने कार्यविधिमा उल्लेख छ।

त्यस्तै, समपूरक अनुदानसम्बन्धी कार्यविधि, २०८१ अनुसार गाउँपालिका वा नगरपालिकाले रु एक करोडदेखि रु सात करोडसम्मको लागतको आयोजना तथा कार्यक्रमका लागि सङ्घ सरकारसँग अनुदान माग गर्न सक्छन्। त्यस्तै, उपमहानगरपालिका र महानगरपालिकाले रु तीन करोडदेखि रु १५ करोड र प्रदेशले रु १० करोडदेखि रु तीस करोडसम्मका आयोजनाका लागि प्रस्ताव हाल्न सक्छन्।

प्रदेश र स्थानीय तहले अनलाइन प्रणालीबाट मात्रै समपूरक र विशेष अनुदानसम्बन्धी प्रस्ताव हाल्न पाउने व्यवस्था रहेको सहप्रवक्ता लुइँटेलले बताए। त्यस्तै, यस्ता आयोजना तथा कार्यक्रममा अनुदान लिनका लागि प्रस्ताव पेश गर्दा कार्यविधिले तोकेको प्रक्रिया र कागजातहरू आवश्यक हुने उनको भनाइ छ। "अनुदानका लागि आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा विस्तृत कागजात पेश गर्नुपर्ने हुन्छ। कार्यविधिले तोकेको प्रक्रिया नपुऱ्याइ परेका प्रस्तावहरू अनुदानका लागि योग्य हुँदैनन्"–उनले भने।

कार्यविधि अनुसार यी शीर्षकमा अनुदान लिन आयोजनाको सम्भाव्यता अध्ययन, ड्इङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरणको लागत अनुमान पेश गर्नुपर्छ। त्यस्तै, वातावरणीय अध्ययन प्रतिवेदनलगायत कागजात चाहिन्छ। अनुदान माग गर्न स्थानीय तहको हकमा सम्बन्धित कार्यपालिकाको निर्णय र प्रदेशको हकमा सम्बन्धित प्रदेश योजना आयोगको सिफारिशमा प्रदेश सरकारको मन्त्रिपरिषद्को निर्णय चाहिन्छ।



**कर्णाली बगरमा तरकारीखेती :** कैलाली र बर्दियाको सीमामा रहको कर्णाली नदीको कैलालीको टीकापुरखण्ड बगरमा किसानले गरेको तरकारीखेतीमा मल हाल्दै किसान। तस्बिरः प्रिन्स विक/रासस

# स्वास्थ्य बीमा : लक्षित वर्गले पाएनन् लाभ

आलेख

कालिका खड्का

**मुख्यगरी बीमितले औषधि तथा समयमा स्वास्थ्य सेवा नपाउनु, सेवा प्राप्त गर्न लामो समय लाइन कुर्न बाध्य हुनु, गरेका र नगरेका बिरामीको सेवामा विभेद हुनु, प्रथम सेवा बिन्दुबाट थप उपचारको लागि ठूला अस्पतालमा 'रिफर' गर्दा आवश्यक कागजातको व्यवस्था नहुनुजस्ता विषयले कार्यक्रमप्रति नागरिकको विश्वास बढ्न सकेको छैन ।**

ज्येष्ठ नागरिक, दलित, विपन्न तथा सीमान्तकृत समुदायलाई निश्शुल्क स्वास्थ्य बीमा गर्ने कानूनी तथा नीतिगत व्यवस्था छ । सोही नीतिगत व्यवस्था अनुसार देशभरका स्थानीय तहमा स्वास्थ्य बीमा कार्यक्रम लागू भएको छ तर धेरै स्थानीय तहमा अहिले पनि उक्त कार्यक्रम प्रभावकारीरूपमा सञ्चालन हुन सकेको छैन । दलित अधिकारकर्मी दुर्गा सोवलाई स्वास्थ्य बीमा कार्यक्रमबाट अलि टाठाबाठाहरू लाभान्वित भएका र विपन्न, दलित र सीमान्तकृत समुदायले यसको फाइदा लिन सकेका छैनन् भन्ने लागेको छ । "स्वास्थ्य बीमा कार्यक्रम यस्तो हो भनेर बुझाउने निकाय नै छैन, लक्षित वर्गले पाएका छैनन्," उनले भने, "आर्थिक अवस्था कमजोर मानिस प्राथमिकतामैं पर्दैनन्, स्वास्थ्य बीमा कार्यक्रम गरीबहरूकै लागि बनाइएको हो ।"

स्वास्थ्य बीमा बोर्डको २०८१ असोज २२ गतेसम्मको तथ्याङ्क अनुसार दलित समुदायबाट छ लाख ६७ हजार ९६५ व्यक्ति र परिवारमा दुई लाख १८ हजार २३४ ले स्वास्थ्य बीमा गरेका छन् । तर नवीकरणको पाटोलाई हेर्ने हो भने दुई लाख नौ हजार ७६० व्यक्तिले मात्रै नवीकरण गरेका छन् भने परिवारमा एक लाख १४ हजार ४६२ ले गरेका छन् । स्वास्थ्य बीमाको उपयोग भने दुई लाख ६९ हजार ६९६ व्यक्तिले मात्र गरेको तथ्याङ्क छ ।

दलित अधिकारकर्मी भक्त विश्वकर्माले गरीबीको परिचयपत्र हुनेको स्वास्थ्य बीमा निश्शुल्क भएको तर दलित विपन्न भएपनि नपाएको बताए । "विपन्नले परिचयपत्र हुनेले स्वास्थ्य बीमा पाएका छन् तर विपन्न दलितले त्यो अवसर पाएका छैनन," उनले भने, "लक्षित वर्गलाई कानूनले दिए पनि कतिपय राज्यका व्यवस्थाहरू नहुँदा र एक/दुई प्रतिशत धनी दलितलाई देखाएर दलितहरू त्यो अवसरबाट वञ्चित भएका छन् ।"

उनका अनुभवमा स्वास्थ्यबारे जनचेतना असाध्यै कमजोर भएको र स्थानीयस्तरमा एक आर्थिक वर्षमा स्वास्थ्य बीमा गरे पनि चेतनाको कमीका कारण नवीकरण नगर्नेको सङ्ख्या ठूलो रहेको छ । दलित तथा सीमान्तकृत समुदायले स्वास्थ्य बीमाको अवस्थाबारे एशिया दलित अधिकार मञ्च र समन्यायिक समाज नेपालले यसबारेमा काम गरिरहेको विश्वकर्माले जानकारी दिए । स्वास्थ्य बीमा कार्यक्रममा अस्पतालहरूले गर्ने सेवा प्रवाह सहज नभएको, देशभरका स्वास्थ्य अस्पतालबाट उक्त सेवा पनि पाउन नसक्दा स्वास्थ्य बीमाका सेवाग्राहीले सोचेअनुरूप लाभ लिन नपाएको उनको भनाइ छ ।

स्वास्थ्य बीमाबाट पाउने लाभ देशभरिका अस्पतालबाट नपाउने, निश्चित अस्पतालबाट मात्र लिनुपर्ने, शिक्षाको कमीका कारण सेवाग्राहीले कानूनले गरेको व्यवस्था अनुसार पनि लाभ लिन पाएका छैनन् । स्वास्थ्य बोर्ड बाग्मती प्रदेश संयोजक मनोज पौडेललाई स्वास्थ्य सेवाको खर्चलाई परिवारले धान्न सक्ने अवस्थामा ल्याउन र आर्थिक जोखिमलाई न्यूनीकरण गर्न बीमा कार्यक्रम प्रभावकारी हो भन्ने लाग्छ । "स्वास्थ्य बीमाले जोखिम व्यवस्थापन, व्यक्ति, समुदाय र सरकार प्रत्यक्ष संलग्न, गुणस्तरीय स्वास्थ्य सेवा उपभोगको वकालत गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बढाउँछ," उनले भने, "सामाजिक स्वास्थ्य बीमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने, जोखिम न्यूनीकरणको व्यवस्था गरेर सर्वसाधारणका लागि थप वित्तीय संरक्षण गर्छ ।"

स्वास्थ्य बोर्डका पूर्वअध्यक्ष डा सेनेन्द्रराज उप्रेतीलाई स्वास्थ्य बीमाको प्रावधानमा गरीब तथा विपन्न व्यक्तिलाई बीमा शुल्क नलिने वा छुट दिने प्रस्ट व्यवस्थालाई कार्यान्वयन गर्नुपर्छ भन्ने लाग्छ । "सीमान्तकृत, दलित, केही जनजातिलाई स्थानीय तहले पनि स्वास्थ्य बीमामा छुट वा सहुलियत दिने व्यवस्था पनि गरेको छ, स्वास्थ्य बीमा दलित तथा सीमान्तकृतलाई कानूनी तथा नीतिगतरूपमा भएको छ," उनले भने, "त्यसका लागि सरकारले सबै जिल्लामा गरीबीको पहिचान गरिसकेको छैन, पहिचान नहुँदासम्म कार्यान्वयनमा कठिनाइ छ ।"

स्वास्थ्य बीमाबाट लक्षित वर्गले लाभ लिनका लागि देशभर गरीबीको पहिचान हुनुपर्छ । "आर्थिक अवस्था अनुसार राहत दिने हिसाबले कानूनी व्यवस्था छ, अति विपन्नलाई सरकारले पूर्ण बीमा शुल्क तिर्ने व्यवस्था पनि छ, गरीबी पहिचान नै सबै जिल्लामा भइसकेको छैन," डा उप्रेतीले थपे, "पहिलोपटक २६ जिल्लामा विपन्न नागरिक पहिचान भएको थियो, ती जिल्लामा नियम अनुसार विपन्न नागरिकले बीमा शुल्क पूर्ण छुट वा आधा छुटको व्यवस्था गरेको छ ।"

तत्कालीन गरीबी निवारण मन्त्रालयले पहिला २६ जिल्लामा गरीबी पहिचान गरेको थियो । त्यसका आधारमा सुविधा लिएका छन् । "स्वास्थ्यमा लाभ लिन आउने लक्षित वर्गहरू पनि आफू म गरीब हो, छुट पाइन्छ भन्ने थाहा पाएर परिचयपत्र बोकेर आएको भन्छन्," उनले आफ्नो अनुभव सुनाउँदै भने, "त्यसरी आफैं आएको आधारमा सुविधा पाएका छन्, लक्षित वर्गको अध्ययन प्रभावकारीरूपमा भएको छैन, राज्यले आर्थिकरूपमा कमजोरको पहिचान गर्नु जरुरी छ ।"

सरकारले गरीबी पहिचान गरेर देशभर परिचयपत्र प्रदान गरेको छैन । वडाले गरीबीको परिचयपत्र दिने काम पनि भएको छैन । स्वास्थ्य बीमा गर्नाले तत्काल उपचारका लागि ऋण खोज्नुपर्ने अवस्थाको अन्त्य हुनुका साथै स्वास्थ्य उपचारमा सहज हुन्छ । स्वास्थ्य ऐन, २०७४ मा धेरै सहजरूपमा व्यवस्था गरिएको छ । प्रचलित कानूनमा राष्ट्रसेवक मानिने व्यक्ति तथा वैदेशिक रोजगारमा जाने कामदारको परिवारले स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध हुनुपर्ने, नवजात शिशु, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्तलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गर्नु निजको संरक्षक तथा अभिभावकको कर्तव्य हुनेछ । वृद्धाश्रम, अनाथालय, बाल सुधारगृहलगायतका संस्थाहरूमा आश्रित व्यक्तिलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गर्नु त्यस्तो संस्थाको व्यवस्थापकको कर्तव्य हुने व्यवस्था रहेको छ ।

नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरेको छ । "प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निश्शुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिनेछैन," उक्त हकमा भनिएको छ, "प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ, प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ, प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।" धारा ४२ सामाजिक न्यायको हकमा आर्थिकरूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगार, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ । त्यस्तै, धारा ४३ मा सामाजिक सुरक्षाको हक अन्तर्गत आर्थिकरूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानूनबमोजिम सामाजिक सुरक्षाको हक हुने उल्लेख छ ।

राष्ट्रिय स्वास्थ्य नीति, २०७१ मा वित्तीय व्यवस्थापनलाई दिगो बनाइ सर्वसुलभ स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितताका लागि कानून तथा कार्यान्वयन निर्देशिका बनाइ राष्ट्रव्यापी योजना लागू गरिने उल्लेख गरिएको छ । साथै असमर्थ तथा आर्थिकरूपले विपन्नलाई छुट दिने व्यवस्था गरिने व्यवस्था रहेको छ । नागरिकले मौलिक अधिकारको रूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने व्यवस्था सुनिश्चित गरिने, राज्यद्वारा प्रदान गरिने स्वास्थ्य सेवामा गरीब, सीमान्तकृत र जोखिममा रहेका समुदायको पहुँच सुनिश्चित गर्न समतामूलक र सामाजिक न्यायको आधारमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने व्यवस्था रहेको छ ।

स्वास्थ्य बीमा गर्दा बहिरङ्ग तथा आकस्मिक सेवा, निदानात्मक सेवा र एक हजार ११८ औषधि पाउने व्यवस्था रहेको छ । त्यसमध्ये औषधि ७०, आयुर्वेद औषधि २५ वटा पाइन्छन् । रु एक हजारसम्मको चश्मा, रु पाँच हजारसम्मका स्वास्थ्यसम्बन्धी सहायक यन्त्रहरू पाइन्छन् । स्वास्थ्य बीमा बोर्डको तथ्याङ्क अनुसार हाल देशभर ४८२ स्वास्थ्य संस्थाले बीमा कार्यक्रम लागू गरेका छन् । अधिकांश सरकारी संस्थामा कार्यक्रम सञ्चालन गरिएको छ । मुख्यगरी बीमितले औषधि तथा समयमा स्वास्थ्य सेवा नपाउनु, सेवा प्राप्त गर्न लामो समय लाइन कुर्न बाध्य हुनु, गरेका र नगरेका बिरामीको सेवामा विभेद हुनु, प्रथम सेवा बिन्दुबाट थप उपचारको लागि ठूला अस्पतालमा 'रिफर' गर्दा आवश्यक कागजातको व्यवस्था नहुनुजस्ता विषयले कार्यक्रमप्रति नागरिकको विश्वास बढ्न सकेको छैन ।

अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा सन् १८८३ मा जर्मनीले सामाजिक स्वास्थ्य कार्यक्रम कार्यान्वयनमा ल्याएको थियो भने सन् १९४८ मा बेलायतमा राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम शुरू भएको थियो । शुरूमा कामदारहरूलाई निश्शुल्क स्वास्थ्य सेवा शुरू भएको हो । सन् १९७७ दक्षिण कोरियामा औद्योगिक मजदूरलाई केन्द्रित गरेर भएको थियो । नेपाल सरकारले २०७७ चैत १६ देखि ७७ वटै जिल्लामा स्वास्थ्य कार्यक्रम लागू गरेको थियो । विसं २०७२ मा गठन भएको स्वास्थ्य बीमा बोर्डमार्फत ७७ वटै जिल्लामा स्वास्थ्य कार्यक्रम लागू गरेको थियो । विसं २०७७ चैत २५ गते ताप्लेजुङ, दोलखा, बारा, सर्लाही, मनाङ र मुस्ताङमा स्वास्थ्य बीमा कार्यक्रम शुरू गरेकामा पछि काठमाडौं र ललितपुर जिल्लामा पनि लागू गरियो । स्वास्थ्य बीमा बोर्डका अनुसार हालसम्म ८७ लाख ३२ हजार ९१२ जना स्वास्थ्य बीमामा आबद्ध भएका छन् ।



**सेताम्मे बडिमालिका:** बाजुरा जिल्लास्थित प्रसिद्ध धार्मिक तीर्थस्थल बडिमालिका मन्दिर क्षेत्रमा रहेको त्रिशूल, घण्ट र हिउँले सेताम्मे फाँट ।
तस्बिरः सुशील भण्डारी/रासस

## फरक समाचार

### महीनावारीको पीडा हटाउने उपाय

हरेक महीना महिलाहरूलाई महीनावारीको बेला निकै पीडा सहनुपर्छ । कसैकसैलाई यस बेला अत्यधिक पीडा पनि हुन्छ । यस्तो अवस्थामा उनीहरू



ओछ्यानबाट उठ्न पनि सक्दैनन् । साधारणतया महिलाहरू पीडा हटाउन 'पेनकिलर' प्रयोग गर्छन् । तर आयुर्वेदिक तरीका प्रयोग गरेर पनि महीनावारीको बेला हुने पीडाबाट छुटकारा पाउन सकिन्छ ।

आयुष चिकित्सा पदाधिकारी डा रासबिहारी तिवारीका अनुसार महीनावारी भएका महिलाहरूले ल्वाङको काढा पिउँदा हुने पीडाबाट राहत पाउन सकिन्छ । उनले ल्वाङमा युजेनोल नामक प्राकृतिक पीडानिवारक र सुन्निने कम गर्ने तत्त्व पाइन्छ । जुन महीनावारीको बेला हुने पीडा र अँठ्याइलाई कम गर्छ ।

आयुष चिकित्सकका अनुसार ल्वाङको काढाले केही क्षणमैं पीडा मेटाउँछ । यसको लागि चार–पाँचवटा ल्वाङलाई तातो पानीमा करीब ५–७ मिनेट उमाल्ने र काढा तयार भएपछि छानेर मह मिसाएर पिउँदा महीनावारीको पीडामा राहत पुग्छ । यस काढाले शरीरको अन्य दुखाइलाई पनि कम गर्नुको साथै आराम पनि दिन्छ ।

आयुष चिकित्सक डा तिवारीका अनुसार ल्वाङको काढाका साथै अदुवा र महको काढाबाट पनि महीनावारीमा हुने पीडाबाट छुटकारा पाउन सकिन्छ । अदुवामा एन्टिइन्फ्लेमेटरी गुण हुन्छ, जसले महीनावारीमा हुने पीडालाई चाँडै निको गर्न मदत गर्छ । यसको लागि एक इन्च अदुवालाई निचोरेर त्यसको रसलाई तातो पानीमा पाँच मिनेटसम्म तताउने । यसको काढा तयार भएपछि छानेर यसमा एक चम्चा मह मिसाएर दिनमा दुईपटक पिउँदा सुन्निएको कम गर्नुको साथै तुरुन्तै पीडामा राहत पुऱ्याउँछ ।

### मधुमेहमा कस्तो प्रभाव पार्छ हरियो खुर्सानीले

मधुमेह रोगले करोडौं व्यक्तिलाई आफ्नो शिकार बनाइसकेको छ । मधुमेहले आगामी केही दशकमा महामारीको रूप लिन सक्छ । मधुमेह नियन्त्रण गर्न औषधि, इन्सुलिन खुराक र खानपानमा विशेष ध्यान दिन आवश्यक छ । थुप्रै यस्ता खानेकुरा छन्, जसलाई सेवन गरेर रगतमा चिनीको स्तर नियन्त्रण गर्न सकिन्छ । धेरैजसोले हरियो खुर्सानीले मधुमेहलाई नियन्त्रण गर्ने बताएका छन् ।



न्युज मेडिकलको रिपोर्ट अनुसार अस्ट्रेलियाका वैज्ञानिकले गरेको एक अध्ययन अनुसार हरियो खुर्सानीको सेवन गर्नाले मुटुको ढुकढुकी कम गर्न मदत पुग्छ र हरियो खुर्सानीबाट रगतमा चिनीको स्तर नियन्त्रण गरी इन्सुलिनको आवश्यकतालाई पनि कम गर्छ । विशेषगरी टाइप २ डायबिटिजका रोगीको लागि हरियो खुर्सानीको सेवन निकै फाइदाजनक हुन्छ । रिसर्च गर्ने वैज्ञानिकको दाबी छ, हरियो खुर्सानीको सेवनबाट मधुमेह, मुटुरोगको खतरालाई पनि कम गर्न सकिन्छ ।

यसभन्दा पहिले गरिएको अध्ययन अनुसार हरियो खुर्सानीबाट इन्सुलिनको आवश्यकतामा कमी आउने बताइएको थियो ।

शोधकर्ताका अनुसार हरियो खुर्सानी टाइप २ मधुमेह नियन्त्रण गर्ने सजिलो तरीका हुन सक्छ । यस अध्ययनमा सहभागी शोधकर्ताको भनाइ छ कि भविष्यमा हरियो खुर्सानी एउटा महत्त्वपूर्ण डाइट सप्लिमेन्ट बन्न सक्छ, जुन मधुमेह र मुटुरोगजस्ता गम्भीर समस्याको उपचारमा सहायक हुन सक्छ । ग्लुकोज इन्टोलरेन्स र टाइप २ डायबिटिज भएका व्यक्तिमा हरियो खुर्सानी सेवनबाट पोस्ट मिल ब्लड सुगर, इन्सुलिन र अन्य जोखिम कारकमा निकै सुधार हुन सक्छ । यो अध्ययनको उद्देश्य हरियो खुर्सानीको सेवन टाइप २ डायबिटिज र ग्लुकोज इन्टोलरेन्सका रोगीको लागि फाइदाजनक हुन्छ कि हुँदैन भन्ने थियो । अध्ययनको परिणामले हरियो खुर्सानीको फाइदामाथि मोहर लगाएको छ ।

### दाँत दुःखाइको घरेलु उपचार

भारत, पूर्णियाको जिल्ला औषधालय केन्द्रका आयुर्वेदाचार्य डा नन्दकुमार मण्डलका अनुसार हामी अनुहारको सफाइ पटकपटक गर्छौं तर दाँतको सफाइ एकपटक मात्र गर्छौं, जसले गिजामा फोहर जम्मा हुने, कमजोर हुने र दाँत कुहिन थाल्छ । त्यसपछि अचानक दाँत दुख्न थाल्छ ।



डा नन्दले भने अचानक दाँत दुखेपछि घरेलु उपाय प्रयोग गर्नुपर्छ । दाँत दुःखाइबाट राहत पाउन ल्वाङ प्रयोग गर्नुपर्छ । ल्वाङलाई पिसेर त्यसको धूलोमा कागतीको रस र महको रस राम्ररी मिसाएर त्यस पेस्टलाई सुतीको कपडामा राखेर दाँत दुःखेको स्थानमा केही बेर राख्नुपर्छ । यस्तो गर्दा केही क्षणमैं दाँत दुःखाइ समाप्त हुन्छ ।

साथै उनले राति सुत्ने बेलामा पनि दाँतको राम्ररी सफाइ गर्न सुझाव दिएका छन् ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा महाकुम्भ भागदौडमा १५ जनाको मृत्यु

प्रयागराज, १६ माघ/एएफपी

भारतको विश्वको सबैभन्दा ठूलो



२९ जनवरी, २०२५ का दिन प्रयागराजमा लागेको कुम्भ मेलामा श्रद्धालु व्यक्तिहरूको भागदौड । फोटोः एएफपी

धार्मिक जमघटमा भएको भागदौडमा कम्तीमा १५ जनाको मृत्यु भएको र धेरै घाइते भएको कुम्भ मेला महोत्सवका एक चिकित्सकले बुधवार बताएका छन्।

भारतीय धार्मिक उत्सवहरूमा घातक भीडभाड हुनु अप्रिय विशेषता हो र अकल्पनीय भक्तजनको भीड हुने कुम्भ मेलामा बिहानै भएको यो घटना अघि नै दुःखद इतिहास थियो।

छ हप्ते यो उत्सव हिन्दू धार्मिक पात्रोको सबैभन्दा ठूलो मिलन विन्दु हो र बुधवार पवित्र स्नानको दिन लाखौं मानिसको सहभागिता हुने अपेक्षा गरिएको थियो ।

"अहिलेसम्म कम्तीमा १५ जनाको मृत्यु भएको छ । अरूको उपचार भइरहेको छ"–मिडियासँग बोल्न अधिकार नभएको बताउँदै नाम नखुलाइएका उत्सवस्थलका चिकित्सकले बताए ।

उद्धारटोलीहरूले तीर्थयात्रीहरूसँग मिलेर कपडा, जुत्ता र अन्य छरिएका सामानहरूले भरिएको स्थलबाट पीडितहरूलाई बोकेर लैजाँदै गरेको देखिएको थियो ।

प्रहरी अधिकारीहरू बाक्लो कम्बलले ढाकिएका मृतकहरूको शव स्ट्रेचरमा बोकेर हिंडेको देखिन्थ्यो ।

दर्जनौं आफन्तहरू दुर्घटनास्थलबाट करीब एक किलोमिटर टाढा उत्सवका लागि बनाइएको अस्थायी अस्पतालको ठूलो पालबाहिर चिन्तित भएर समाचारको प्रतीक्षा गरिरहेका थिए ।

बुधवार उत्सवको सबैभन्दा पवित्र दिनहरूमध्ये एक हो । उत्सवमा भगवा वस्त्रधारी साधुहरूले लाखौं भक्तजनलाई गङ्गा र यमुना नदीको सङ्गमस्थलमा पाप–मुक्तिका लागि पवित्र स्नान गराउने कार्यक्रम थियो।

तर यसको सट्टा अधिकारीहरूले तीर्थयात्रीहरूलाई जलमार्गबाट टाढा रहन आग्रह गर्दै लाउडस्पिकर लिएर उत्सव स्थलमा घुमिरहेका थिए ।

"हामी सबै भक्तजनलाई मुख्य स्नान स्थलमा नआउन विनम्र अनुरोध गर्दछौं"–एक उत्सव कर्मचारीले आफ्नो मेगाफोनबाट भने–"कृपया सुरक्षाकर्मीहरूसँग सहकार्य गर्नुहोस् ।"

धेरै तीर्थयात्रीहरूले उत्सवबाट चाँडै बाहिरिने निर्णय गरे । "मैले समाचार सुनें र स्नान स्थल देखें"– सहभागी सञ्जय निषादले भने–"मेरो परिवार डरायो, त्यसैले हामी जाँदैछौं ।"

**धेरै मानिस कुल्चिए**

स्थानीय सरकारी अधिकारी आकाङ्क्षा राणाले प्रेस ट्रस्ट अफ इन्डिया (पिटिआई) समाचार एजेन्सीलाई केही भीड नियन्त्रण अवरोधहरू ढलेपछि भागदौड शुरू भएको जानकारी दिइन्।

तीर्थयात्री मालती पाण्डेले ब्यारिकेड गरिएको पैदल मार्गमा नदीमा नुहाउन जाँदै गर्दा भागदौड शुरू भएको बताइन्। "अचानक भीडले धक्का दिन थाल्यो र धेरै मानिसहरू कुल्चिए"–४२ वर्षीय पाण्डेले भनिन् ।

कुम्भ मेला हिन्दू पौराणिक कथामा आधारित छ, जसमा अमृत कलश नियन्त्रणका लागि देवता र दानवहरूबीच युद्ध भएको थियो ।

आयोजकहरूले यस वर्षको उत्सवको आकारलाई एक अस्थायी देशसँग तुलना गरेका छन् । फेब्रुअरी २६ को अन्तिम दिनसम्म ४० करोड तीर्थयात्री आउने अनुमान गरिएको छ ।

घातक भीड दुर्घटनाको जोखिमलाई ध्यानमा राख्दै प्रहरीले यस वर्ष उत्सवस्थल र फराकिलो शिविरतर्फ जाने सडकहरूमा सयौं क्यामेरा जडान गरेको छ । ती पोल र ड्रोनहरूमा जडित छन् ।

निगरानी नेटवर्कलाई एक परिष्कृत कमान्ड एन्ड कन्ट्रोल सेन्टरमा जोडिएको छ जसले भीडको केही भाग यति सघन भएमा सुरक्षाको खतरा हुन सक्ने सम्बन्धमा कर्मचारीहरूलाई सचेत गराउँछ ।

सन् १९५४ मा कुम्भ मेलाको एकै दिन कुल्चिएर वा डुबेर चार सयभन्दा बढी मानिसको मृत्यु भएको थियो । यो विश्वव्यापीरूपमा भीड–सम्बन्धित विपत्तिमा सबैभन्दा ठूलो मृत्यु सङ्ख्यामध्ये एक हो ।

उत्तरी शहर प्रयागराजमा अन्तिम पटक सन् २०१३ मा आयोजित उत्सवमा ३६ जनाको मृत्यु भएको थियो । रासस

## ट्रम्प प्रशासनद्वारा सङ्घीय कर्मचारीलाई बहिर्गमन प्याकेजको प्रस्ताव

वाशिङ्टन, १६ माघ/एएफपी

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले मङ्गलवार आठ महीनाको रोजगार छोड्ने सङ्घीय कर्मचारीलाई बहिर्गमन प्याकेजको व्यवस्था गर्ने अवसर दिएको छ । कर्मचारीलाई पठाएको इमेलमा उक्त प्याकेजको घोषणा गरिएको छ ।

अमेरिकी सञ्चारमाध्यमका अनुसार ट्रम्पका सल्लाहकार एलन मस्कले एक्समा ऐतिहासिक 'विकल्प'को रूपमा प्रशंसा गरेको यो प्रस्ताव सबै २० लाख सङ्घीय कर्मचारीलाई पठाइएको बुझिएको छ ।

जनवरी २० मा ट्रम्पले पदभार ग्रहण गरेयता सङ्घीय खर्चविरुद्ध यो अहिलेसम्मकै सबैभन्दा ठूलो कदम हो ।

प्रशासनका एक वरिष्ठ अधिकारीले एनबिसी न्युजलाई बताए अनुसार यो प्याकेजबाट पाँचदेखि १० प्रतिशत सङ्घीय कर्मचारीले राजीनामा दिने अधिकारीहरूले अपेक्षा गरेका छन् । यसबाट करीब १०० अर्ब अमेरिकी डलर बचत हुने विश्वास उनीहरूको छ ।

एएफपीले कर्मचारीबाट प्राप्त गरेको जानकारी अनुसार इमेलमा कर्मचारीलाई राजीनामा मङ्गलवारदेखि शुरू भएर फेब्रुअरी ६ सम्म लागू हुनेछ ।

ट्रम्पले कोभिड–१९ महामारीपछि धेरै वर्षसम्म घरबाट काम गर्ने सुविधापछि सबै सङ्घीय कामदारहरू पूर्णकालिकरूपमा कार्यालय फर्कन आदेश दिएसँगै यो कदम चालिएको हो ।

यो इमेल सन् २०२२ को अन्त्यमा मस्कले ट्वीटर (हाल एक्स) को पूर्ण स्वामित्व आफ्नो नियन्त्रणमा लिएपछि कर्मचारीलाई पठाइएको यस्तै सन्देशसँग मिल्दोजुल्दो छ । राजीनामा दिन चाहने कर्मचारीसँग इमेलमार्फत प्रतिक्रिया मागिएको छ ।

सम्झौता गर्न चाहने सङ्घीय कर्मचारीहरूलाई इमेलमा बाहिर नै देखिने गरी 'राजीनामा' शब्द लेखिएको जवाफ दिन भनिएको छ ।

ट्रम्प र अन्य रिपब्लिकनलाई चुनाव जिताउन २७ करोड अमेरिकी डलरभन्दा बढी खर्च गरेका मस्कलाई सरकारी कार्यदक्षता विभाग (डिपार्टमेन्ट अफ गभर्नमेन्ट एफिसियन्सी)को नेतृत्व गर्ने जिम्मेवारीमा नियुक्त गरिएको छ ।

इमेलमा भनिएको छ–"सङ्घीय श्रमशक्तिमा अमेरिकाको सबैभन्दा राम्रो जनशक्ति हुनुपर्छ । हामी हरेक तहमा उत्कृष्टताका लागि जोड दिइरहेका छौं ।" रासस

## ए–बमको ८०औं वार्षिकोत्सव मनाउन ट्रम्पलाई जापान भ्रमणको निमन्त्रण

टोकियो, १६ माघ/एएफपी

हिरोसिमा र नागासाकीका मेयरहरूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई दोस्रो विश्वयुद्धको आणविक बम विस्फोटको ८०औं वार्षिकोत्सव मनाउन आमन्त्रित गरेको अधिकारीहरूले बताएका छन् ।

मेयरहरूले लेखेको संयुक्त पत्रमा ट्रम्पलाई 'हिबाकुसा (बमपीडित)हरूको प्रत्यक्ष गवाही सुन्न, उनीहरूको शान्तिको प्रबल चाहनालाई हृदयङ्गम गर्न र आणविक हतियारको अमानवीयताबारे बुझाइ गहिरो बनाउन' आग्रह गरेका छन्।

संयुक्त राज्य अमेरिकाले सन् १९४५ अगस्त ६ र ९ मा हिरोसिमा र नागासाकीमा आणविक बम खसालेको थियो । यो युद्धमा आणविक हतियार प्रयोग भएको एकमात्र घटना हो। केही दिनपछि जापानले आत्मसमर्पण गरेको थियो । हिरोसिमामा करीब एक लाख ४० हजार र नागासाकीमा करीब ७४ हजार मानिसको मृत्यु भएको थियो ।

सन् २०१० मा अमेरिकी राजदूत जोन रूस हिरोसिमाको सम्झनामा सहभागी हुने पहिलो अमेरिकी प्रतिनिधि बने र दुई वर्षपछि नागासाकी कार्यक्रममा पुगे।

बाराक ओबामा सन् २०१६ मा हिरोसिमा आउने पहिलो अमेरिकी राष्ट्रपति बने। त्यसपछि सन् २०२३ मा जो बाइडेन आए ।

जापानी मिडियाका अनुसार दुवै मेयरले आमन्त्रित गरे तापनि ट्रम्पले पहिलो कार्यकालमा भ्रमण गरेनन् ।

गत वर्ष नागासाकीका मेयर शिरो सुजुकीले इजरायली राजदूतलाई समारोहमा निमन्त्रणा नगरेर विवाद निम्त्याएका थिए। सुजुकीले यो निर्णय 'राजनीतिक होइन' गाजा द्वन्द्वसँग सम्बन्धित सम्भावित विरोध टार्न भएको बताएका थिए ।

अमेरिका, इजरायल, बेलायत लगायतका राजदूतहरू विरोधस्वरूप समारोह बहिष्कार गरी टोकियोमा आयोजित सानो स्मृति कार्यक्रममा सहभागी भएका थिए ।

गत वर्षको नोबेल शान्ति पुरस्कार हिरोसिमा र नागासाकीबाट बचेका मानिसहरूको आणविक हतियार प्रतिबन्धका लागि दबाब दिने आधारभूत आन्दोलन निहोन हिडान्क्योलाई प्रदान गरिएको थियो। रासस




नवदीप एकेडेमीले बुधवार आयोजना गरेको कार्यक्रममा धार्मिक संस्कृति झल्किने कुमारीजात्रा प्रदर्शन गर्दै विद्यार्थीहरू । तस्वीर सौजन्यः अभिलाषकुमार गुप्ता

## सीमान्तकृत बालबालिकाको लागि निश्शुल्क कक्षा अभियान

प्रस, वीरगंज, १६ माघ/

दी ह्युम्यान लभ च्यारिटी फन्डले नेशनल कलेजमा निश्शुल्क कक्षा अभियान शुरू गरेको छ ।

निश्शुल्क कक्षा अभियानको उद्घाटन गर्दै नेकपा एमाले मधेस प्रदेश कमिटी सदस्य सलाउद्दीन अहमदले अभियानबाट समुदायको शिक्षा र विकासमा ठूलो योगदान दिने पुग्ने बताए।

उनले यस अभियानले गरीब तथा सीमान्तकृत परिवारका बालबालिकालाई शिक्षाको अवसर प्रदान गर्ने बताए ।

फन्डले यस अभियानमार्फत गरीब तथा सीमान्त परिवारका बच्चाहरूलाई शिक्षाको अवसर प्रदान गर्ने लक्ष्य रहेको कार्यक्रममा जानकारी गराइएको थियो।




## एचभिपी खोपबारे खोप समन्वय समितिको अभिमुखीकरण

प्रस, वीरगंज, १६ माघ/

जनस्वास्थ्य प्रवर्द्धन शाखा, वीरगंजले वीरगंज महानगरपालिका–६ आधारभूत स्वास्थ्य सेवा केन्द्रमा छलफल गरेको छ। एचभिपी खोप लक्षित वर्गसम्म पुऱ्याउन सबै निकायको सहयोग अपरिहार्य रहेको भन्दै छलफल कार्यक्रमको आयोजना गरिएको हो ।

बैठकमा वडाध्यक्ष जयप्रकाश शाह अग्रवालले वीरगंज महानगरपालिकामा माघ २२ गतेदेखि शुरू हुने एचभिपी खोप अभियान फागुन ६ गतेसम्म चल्ने जानकारी गराए। खोप अभियान सफल बनाउन सबैको हातेमालो आवश्यक रहेको तथा सबैले आआफ्नो स्तरबाट सूचना प्रवाह गर्नुपर्ने बताए ।

वडाध्यक्ष अग्रवालको अध्यक्षतामा बसेको बैठकमा सेवा केन्द्रका अहेब अकलेश गिरी र अनमी सरीता साहले किशोरीहरूलाई पाठेघरको मुखको क्यान्सरबारे जानकारी गराउँदै त्यसको जोखिमबाट किशोरीहरूलाई बचाउन एचपिभी खोप प्रभावकारी रहेको बताए।

खोप अभियान अन्तर्गत कक्षा ६ देखि १० सम्म अध्ययनरत छात्रा र विद्यालयबाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई उक्त खोप लगाइने अहेब गिरीले जानकारी गराए। बैठकमा वडासचिव गङ्गा पौडेल, सहायक प्रधानाध्यापक अवनीश पाण्डे, शिक्षक राजीवकुमार सिंह, वडा सदस्य सुशीला परियार, राजु खड्गी, पवन शर्मालगायतको सहभागिता थियो ।




### संसार हेर्नें ...

शिविरका समन्वयकर्ता पौडेलले जानकारी दिए ।

शिविरमा वरिष्ठ नेत्ररोग विशेषज्ञ डा अर्जुन श्रेष्ठ नेतृत्वको सात सदस्यीय टोलीले शल्यक्रिया सम्पन्न गरेको हो । शल्यक्रिया गरिनेहरूमा एकजना ५० वर्ष मुनिका र बाँकी सबै बढी उमेरका छन्। अहिले एउटा आँखाको शल्यक्रिया गरिएका धेरैजसोको अर्को आँखाको पनि शल्यक्रिया गरिनुपर्ने चिकित्सकको सुझाव छ। शल्यक्रिया गरिएका बिरामीमा ५५ पुरुष र ४५ महिला रहेका बर्दिवास आँखा अस्पतालले जनाएको छ ।


### कम्पनीको नाम परिवर्तनबारे सूचना

***प्रथमपटक प्रकाशित मितिः २०८१/१०/१५ गते***

यस कम्पनीको मिति २०८१/०८/११ मा सम्पन्न वार्षिक विशेष साधारणसभाको निर्णय अनुसार साबिकको कम्पनी सिटी पब्लिक कलेज प्रा.लि. (प्रा.लि. नं ७३१०१) को नाममा रहेको सम्पूर्ण चल–अचल सम्पत्ति तथा तिर्नु, बेहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने बेहोर्नेगरी कम्पनी रजिस्टारको कार्यालयको मिति २०८१/१०/०८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी सिटी स्कूल (City School Pvt. Ltd.) कायम गरिएको जानकारी गराइन्छ ।


### आजको राशिफल

| | |
|---|---|
| मेष – कर्मप्राप्ति | वृष – अलमल |
| मिथुन – रोगभय | कर्कट – व्यापारवृद्धि |
| सिंह – कडाश्रम | कन्या – चोरभय |
| तुला – उदरपीडा | वृश्चिक – राज्यलाभ |
| धनु – अतिथिआगमन | मकर – सुयश |
| कुम्भ – खर्चवृद्धि | मीन – मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

**प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)**

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# काशीनाथ तिवारीको सालिकमा माल्यार्पण

प्रस, वीरगंज, १६ माघ/

नेपाल जनता पार्टी पर्साले हिन्दू योद्धा स्व काशीनाथ तिवारीको सालिक सरसफाइ गर्दै माल्यार्पण गरेको छ।

शहीद दिवसको अवसरमा नेजपा पर्साले अशोकवाटिकास्थित श्मशानघाट चोकमा रहेको स्व तिवारीको सालिकमा सरसफाइ एवं माल्यार्पण गरेको हो।

कार्यक्रममा सहभागीहरूले हिन्दू युवा सङ्घका संस्थापक केन्द्रीय अध्यक्ष स्व काशीनाथ तिवारीको माओवादीले २०६७ असार १३ गते वीरगंजमा हत्या गरेको बताएका थिए। स्व तिवारीलाई जिल्ला प्रशासन कार्यालय, पर्सामा तत्कालीन सम्पूर्ण राजनीतिक दल एवं जिल्लाका सुरक्षा प्रमुखहरूको उपस्थितिमा शहीद घोषणा गर्ने सहमति गरी गृह मन्त्रालयमा पत्र पठाएकोमा हालसम्म स्व तिवारीलाई शहीद घोषणा नगरिएकोमा दुःख व्यक्त


तस्वीर: सौजन्य

गरेका थिए। उनीहरूले हिन्दूवादी पार्टी, सङ्घसंस्थाले स्व तिवारीलाई हिन्दू शहीदको रूपमा सम्मान गर्दै आएको बताएका थिए।

नेजपा पर्साका अध्यक्ष अनिल कुर्मीको अध्यक्षतामा भएको कार्यक्रममा स्व तिवारीकी पत्नी बबिता तिवारी, केन्द्रीय नेता सन्तोषानन्द महाराज, केन्द्रीय सदस्यहरू विनोद कुर्मी, पारस द्विवेदी, राजेन्द्र सिंह, नेजपा पर्सा उपाध्यक्ष धीरज साह कानूलगायतको सहभागिता थियो।

# व्यवसाय मोडेल क्यानभाससम्बन्धी तालीम सम्पन्न

प्रस, वीरगंज, १६ माघ/

व्यवसाय मोडल क्यानभाससम्बन्धी तालीम वीरगंज पब्लिक कलेजको तालीम हलमा बुधवार सम्पन्न भएको छ।

कार्यक्रममा मनीष चालिसे, प्रियङ्का गिरीलगायतले हल्ट प्राइज बिपिसी अन-क्याम्पस इभेन्टका सहभागीहरूलाई प्रशिक्षण दिएका थिए।


तस्वीर: सौजन्य

हल्ट प्राइज एक विश्वव्यापी प्रतियोगिता हो, जहाँ विश्वविद्यालयका विद्यार्थीहरू एकसाथ प्रतिस्पर्धा गरी समाजको ज्वलन्त समस्याहरू समाधान गर्ने, दिगो सामाजिक उद्यमहरू विकास गर्ने कार्यक्रममा जानकारी गराइएको थियो।

तालीममा विद्यार्थीहरूलाई विश्वविद्यालयस्तरमा कसरी प्रतिस्पर्धा गर्ने, व्यावसायिक मोडललाई कसरी मजबूत बनाउने, उद्योग-व्यवसाय विकास गर्नेबारे प्रशिक्षण दिइएको थियो। कार्यक्रममा उत्कृष्ट टोलीले हल्ट इन्टरनेशनल बिजनेश स्कूल, बोस्टनमा प्रतिस्पर्धा गरी एक मिलियन डलर जित्न सक्ने जानकारी गराइएको थियो।

# शहीद मुखलाल स्मृति प्रतिष्ठानको साधारणसभा सम्पन्न

प्रस, निजगढ, १६ माघ/

शहीद मुखलाल स्मृति प्रतिष्ठानको साधारणसभा तथा रेडियो निजगढको सदस्य भेला बुधवार सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि एवं स्मृति प्रतिष्ठानका अध्यक्ष पूर्वखेलकूदमन्त्री पुरुषोत्तम पौडेलले केही वर्षयता आर्थिक मन्दीका कारण रेडियो संस्थाहरू बन्द हुने अवस्थामा पुगेको बताउँदै तीन तहका सरकार अझै स्थानीय तहले सामुदायिक रेडियो र व्यावसायिक रेडियोबीचको फरक बुझ्न चाहना नराख्दा देशभरका कतिपय सामुदायिक रेडियो संस्थाहरू बन्द भइसकेको, कतिपय धराशयी हुने अवस्थाबाट गुज्रिँदै गइरहेको बताए। कार्यक्रममा टङ्कनाथ-रत्नकुमारी स्मृति




जेहेन्दार छात्रवृत्ति पुरस्कार वितरण गरिएको थियो। शैक्षिक सत्र २०८१ मा कक्षा १२ को परीक्षामा निजगढ नगरभित्रका सामुदायिक विद्यालयहरूमध्ये गौरीशङ्कर माविबाट सर्वोत्कृष्ट अङ्क ल्याइ व्यवस्थापन सङ्कायतर्फ उत्तीर्ण भएका निजगढ नपा-९ का नोदनाथ पौडेल र शैक्षिक सत्र २०७७-८० को व्यवस्थापन सङ्कायको स्नातक तह परीक्षामा गौरीशङ्कर क्याम्पसबाट सर्वोत्कृष्ट अङ्क ल्याइ उत्तीर्ण भएका निजगढ नपा-६ का अविनाश चौधरीलाई प्रमाणपत्र र जनही १० हजार नगद पुरस्कार प्रतिष्ठानका अध्यक्ष पौडेलले प्रदान गरेका थिए।

कार्यक्रममा वार्षिक प्रगति विवरण रेडियो निजगढ सञ्चालक समिति अध्यक्ष सुदर्शन कोइराला र आर्थिक प्रतिवेदन विपिन अधिकारीले प्रस्तुत गरेका थिए। स्वागत लीलादेवी लामिछानेले गरेकी थिइन्।

अध्यक्ष कोइरालाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन गोकुल घोरसाइनेले गरेका थिए।




# खेलकूदको संसार

## नवदीप एकेडेमीको वार्षिकोत्सवमा खेलकूद कार्यक्रम

प्रस, वीरगंज, १६ माघ/

नवदीप एकेडेमीको १२औं वार्षिकोत्सवको अवसरमा विभिन्न खेलकूद कार्यक्रम आयोजना भएको छ।


तस्वीर: सौजन्य

विपद् व्यवस्थापन गुल्मको मैदानमा बुधवार समापन समारोहमा मधेस प्रदेशसभा सदस्य रहबर अन्सारीले बालबालिकालाई अतिरिक्त क्रियाकलापका साथै उत्कृष्ट शिक्षा प्रदान गर्नुपर्नेमा जोड दिए। उनले शिक्षा क्षेत्रमा नवदीप एकेडेमीले योगदान दिँदै जानुपर्ने बताए।

वार्षिकोत्सवको अवसरमा आयोजित विभिन्न खेलकूदमा सहभागी विद्यालयका पिजीदेखि कक्षा ८ सम्मका उत्कृष्ट विद्यार्थीहरूलाई सम्मानित गरिएको थियो।

विद्यालयकी सञ्चालिका सुशीला साहको अध्यक्षतामा भएको कार्यक्रममा नगरप्रमुख राजेशमान सिंह, प्याब्सन पर्साका अध्यक्ष सरोज चौधरी, प्रभु अस्पतालकी सञ्चालिका लक्ष्मी थापालगायतको सहभागिता थियो। कार्यक्रममा स्वागत शिक्षिका रानी प्रजापति र सहजीकरण आदित्य यादव र नेहा अग्रवालले गरेका थिए।

## केपी ओली कप फूटबल फागुन दोस्रो सातादेखि

काठमाडौं, १६ माघ/रासस

केपी ओली कप फूटबल प्रतियोगिता आगामी फागुनको दोस्रो सातादेखि हुने भएको छ। राष्ट्रिय युवा सङ्घ नेपालको आयोजनामा हुने उक्त प्रतियोगिता आगामी फागुन ११ देखि १९ गतेसम्म सञ्चालन हुने बुधवार आयोजित पत्रकार सम्मेलनमा आयोजकका अध्यक्ष क्षितिज थेबेले जानकारी दिए।

उनका अनुसार प्रतियोगितामा अखिल नेपाल फूटबल सङ्घद्वारा सूचीकृत 'ए' डिभिजन क्लब र विदेशी गरी १० वटा टोलीको सहभागिता रहनेछ। प्रतियोगितामा उपाधि विजेता टोलीले रु १५ लाख ११ हजार १११ पाउनेछ भने उपविजेताले रु पाँच लाख पाउनेछ। त्यसैगरी, प्रतियोगिताका उत्कृष्ट खेलाडीलाई रु एक लाख प्रदान गरिने आयोजकले जनाएको छ।

त्यस्तै, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट गोलकर्ता र उत्कृष्ट उदीयमान खेलाडीले जनही रु ५० हजार पाउनेछन्। प्रतियोगितामा 'म्यान अफ दी म्याच' घोषित हुने खेलाडीले रु १५ हजार पाउनेछ। त्यस्तै, हरेक खेलको विजेता टोलीले रु २५ हजार पाउनेछन्। उक्त प्रतियोगिताको सेमिफाइनल र फाइनल खेल त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुनेछन् भने त्यस अघिका खेल सातदोबाटोमा हुनेछन्।

## कोइलाभार नकआउटः मौवादेवी क्लब फाइनलमा प्रवेश

बलिराम शुक्ला, बिरुवागुठी, १६ माघ/

दोस्रो कोइलाभारमाई नकआउट फूटबल प्रतियोगिता अन्तर्गत बुधवार भएको पहिलो सेमिफाइनल खेलमा बाराको मौवादेवी युवा क्लब, बडहर्वा विजयी भएको छ।

पहिलो सेमिफाइनलमा पर्सागढी युवा स्पोर्ट्स क्लब, बडनिहारलाई एक गोल गर्दै मौवादेवी युवा क्लब फाइनलमा



प्रवेश गरेको हो। मौवादेवी युवा क्लबका जर्सी नं ४ का विकाश चौधरीले गरेको एकमात्र गोल निर्णायक बन्न पुग्यो। प्रतियोगिताको 'म्यान अफ दी म्याच' मौवादेवी क्लबका विकाश चौधरी घोषित भए। उनलाई आयोजकले नगदसहित मेडलबाट सम्मानित गरेको थियो।

बिहीवार अन्तिम सेमिफाइनल खेलमा पर्सा वनशक्तिमाई युवा क्लब, सिद्धपुर र बाराको सिमरा युनाइटेड क्लबबीच हुने आयोजक समितिका सदस्य दीपकदास थारूले जनाएका छन्।

# मजदूरमाथि प्रहरी हस्तक्षेप अशोभनीय -सभापति थापा

प्रस, वीरगंज, १६ माघ/

समग्र उद्योग ट्रेड युनियन नेपाल मधेस प्रदेशले ४६औं स्थापना दिवस मनाएको छ।

जीतपुरसिमरा उप महानगरपालिकाको सिमरामा आयोजित कार्यक्रमको मधेस प्रदेशसभाको सार्वजनिक लेखा समितिका सभापति मञ्जु थापाले उद्घाटन गरेकी थिइन्। उनले श्रमिकका जायज हकअधिकार र कानूनी मागमा प्रहरी




हस्तक्षेप बढेकोमा चिन्ता व्यक्त गरिन्। उनले मजदूरहरूले आफ्ना हकअधिकार कानूनीरूपमा माग गर्न पाउने अधिकार भएको र यसमा प्रहरी हस्तक्षेप शोभनीय नभएको बताइन्।

समग्र उद्योग ट्रेड युनियन नेपालका अध्यक्ष आनन्द थामीले देशमा आकर्षक रोजगार र जीवनयापनका लागि सहज ज्याला नभएको कारण युवा जनशक्ति कामको सिलसिलामा विदेश पलायन भइरहेको बताए। उनले यो अवस्थामा युवा जनशक्तिलाई देशमा विश्वास जागृत गर्न सके कामका लागि घरपरिवार र समाज छाडेर विदेश जानबाट रोक्न सकिने बताए। उनले यो कार्यको लागि सुरक्षित काम गर्ने वातावरण र न्यूनतम पारिश्रमिकमा शतप्रतिशत वृद्धि गर्नुपर्ने माग गरे। यसो हुन सकेको खण्डमा युवा जनशक्ति विदेश पलायनबाट रोक्न सकिने उनको सुझाव थियो।

समग्र ट्रेड युनियन नेपाल मधेस प्रदेशका अध्यक्ष हेमराज न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा एमाले मधेस प्रदेशका सचिव मनोज पौडेल, समग्र उद्योग ट्रेड युनियन नेपालका सचिव गीता भण्डारी, सदस्य मनोज चौधरीलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा रामतपसी पटेलले स्वागत र प्रेम चौधरीले सहजीकरण गरेका थिए।

# दुईवटा टयाक्टर प्रहरीको नियन्त्रणमा



प्रस, पंचगावाँ, १६ माघ/

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले बुधवार बालुवा लोड दुईटा टयाक्टर नियन्त्रणमा लिएको छ।

जगरनाथपुर गाउँपालिका-४ मोर टोलबाट प्र२-०३-००१ त ४४३० र पटेर्वासुगौली गापा-४ करबोलाचोकबाट ना.४त ७०४२ नम्बरको बालुवा लोड दुईवटा टयाक्टरलाई नियन्त्रणमा लिएको इप्रका, पटेर्वासुगौलीले जनाएको छ।